कम्पनीले आफ्नो जारी पूँजी रु. ६८,७५,००,०००/- को २० प्रतिशत अर्थात रु.१३,७५,००,०००/- रकम बराबरको प्रति शेयर रु. १००/- अंकित दरमा १३,७५,००० कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ। सो मध्ये १० प्रतिशत अर्थात् १,३७,५०० कित्ता शेयर वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई, २ प्रतिशत अर्थात् २७,५०० कित्ता शेयर कर्मचारीहरुलाई र ५ प्रतिशत अर्थात् ६८,७५० कित्ता शेयर सामुहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी रहने ११,४१,२५० कित्ता साधारण शेयरहरुको सार्वजनिक निष्काशन गरिनेछ।

साथै, नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारीमा रहिरहेका नेपाली नागरिकहरुका लागि छुट्टाइएको शेयर सम्पूर्ण बिक्री नभएमा बिक्री नभए बराबरको शेयर समेत समायोजन गरी सर्वसाधारणमा निष्काशन गरिने छ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित

नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड
NEPAL WAREHOUSING COMPANY LIMITED

रजिष्टर्ड कार्यालयः काठमाण्डौ महानगरपालिका,वडा नं. ९, सिनामङ्गल, काठमाण्डौं, फोन नं. :०१-४११७९६१
इमेलः info@nwcl.com.np, वेबसाइटः www.nwcl.com.np

आह्वान-पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला हुने मिति :	२०८०/०७/१० गते देखि
निष्काशन बन्द हुने मिति :	२०८०/०७/२४ गते (बैंकिङ्ग समय पश्चात्) सम्म

दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या : १० कित्ता
दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : ५०,००० कित्ता

दरखास्तसाथ प्रति साधारण शेयर रु.१००/- को दरले (शतप्रतिशत भुक्तानी माग गरिएको)

परियोजनाको साधारण लगानी फिर्ता हुने अवधिः	परियोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि :	Net present Value (NPV) :	Internal Rate Return (IRR) :
९.२९ बर्ष	१३.६५ बर्ष	१,१९६,५७६	१५.१९%

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतिय माध्यामबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युअर रेटिङ्ग गराउनुपर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इन्फोमेरिक्स् क्रेडिट रेटिङ्ग लिमिटेड., बानेश्वर, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०७९/०९/०६ (डिसेम्बर २१, २०२२) गते "IRN BB- (Is) [BB Minus (Issuer)]" प्रमाणपत्र प्राप्त गरेको छ। "IRN BB-" ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा मध्यम जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउँदछ। इन्फोमेरिक्स् क्रेडिट रेटिङ्ग नेपाल लिमिटेड IRN AAA (Is) देखि IRN D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा IRN AAA (Is) ले वित्तीय दायित्व वहन गर्ने क्षमता सबै भन्दा कम जोखिम अर्थात उच्च सुरक्षित रहेको आधार जनाउदछ भने IRN D (Is) ले वित्तीय दायित्व वहन गर्ने क्षमता सबै भन्दा बढी जाखिम रहेको जनाउँछ।

रेटिङ्ग प्रदान गरेको मिति : २०७९/०९/०६ (तदनुसार डिसेम्बर २१, २०२२)   बहाल रहने मितिः २०८०/०९/०५ (तदनुसार डिसेम्बर २१, २०२३)

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०८०/०६/१० तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०८०/०६/१५।

नेटवर्थ सम्बन्धी तालिकाः

विवरण	वास्तविक			आ.व. ०७९/०८० आषाढ मसान्तसम्म	प्रक्षेपित		
	आ.व. ०७६/७७	आ.व. ०७७/७८	आ.व. ०७८/७९		आ.व. ०८०/८१	आ.व. ०८१/८२	आ.व. ०८२/८३
प्रति शेयर आम्दानी (EPS) (रु.)	(४८.५८)	(१०.००)	(७.२८)	(८.८७)	५.५२	१६.११	१७.३४
प्रति शेयर नेटवर्थ (रु.)	५०.६६	८४.३६	८६.८६	८५.५५	९३.९६	११०.०७	११२.४१
जगेडा कोष तथा संचित नाफा (रु.हजारमा)	(४,९३४)	(१३,६८६)	(३०,७०५)	(७९,४९७)	(४१,५४०)	६९,२३५	८५,३२६

१. कम्पनीको नाम : नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड (NEPAL WAREHOUSING COMPANY LIMITED)

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

३. संस्थाको रजिष्टर्ड ठेगाना :

यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं. ९, सिनामङ्गलमा रहेको छ। आवश्यक परेको खण्डमा कम्पनी रजिष्ट्रारको कार्यालय तथा उद्योग विभागबाट स्वीकृती लिई कम्पनीले आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र देशका अन्य स्थानमा समेत शाखा, उपशाखा वा अन्य कार्यालयहरु खोली कारोबार गर्न सक्नेछ।

४. कारोवार गर्ने मुख्य स्थान :

यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ९, सिनामङ्गलमा रहेको छ। यस कम्पनीको मुख्य शाखा सुनसरी जिल्ला, गढी गाँउपालिका वडा नं.२ मा रहेको छ। साथै शाखा युनिट-१ कपिलवस्तु जिल्ला, शिवराज नगरपालिका वडा नं.४, वीरपुरमा र शाखा युनिट-२ पर्सा जिल्ला, पर्सागढी नगरपालिका वडा नं.१ बिरुवागुठीमा रहेको छ। सम्बन्धित निकायमा आवश्यकता अनुसार स्वीकृती लिई अन्य ठाउँमा समेत शाखा कार्यालय खोल्न सकिनेछ।

५. संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाका मुख्य उद्देश्यहरु :

संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

(१) नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड, नेपालको कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको किसान, अन्न सङ्कलक, मिलर, व्यापारिक तथा औद्योगिक प्रयोजनका लागि खाद्यान्नको गोदाम सम्बन्धी आवश्यकताहरु पूर्ति गर्नका लागि स्थापना भएको कम्पनी हो। उद्योग विभागमा यस कम्पनीले संचालन र निर्माण गरिरहेको मुख्य तथा शाखा उद्योगहरु सेवा (service) उद्योगको रुपमा दर्ता भएको छ।

(२) नेपाल वेयरहाउजिङ्ग कम्पनी प्रा.लि. मिति २०७४/०२/२९ गते प्रा.लि.को रुपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएकोमा मिति २०७५/०५/०६ गते कम्पनी रजिष्ट्रारको कार्यालयको स्वीकृती पत्र अनुसार प्रा.लि.बाट पब्लिक लिमिटेड कम्पनीमा परिणत भई नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड (५७४२/७५/७६) मा अभिलेख भई कारोबार संचालन गर्दै आएको छ। कम्पनीको स्थायी लेखा नं. ६०५९३९९०३ रहेको छ।

(३) संगठित संस्थाले उद्योग विभागबाट मिति २०७५/०७/१९ मा मुख्य शाखा, शाखा युनिट-१ र शाखा युनिट-२ को उद्योग दर्ता प्रमाण पत्र प्राप्त गरेको छ।

(४) संगठित संस्थाले कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७५/१२/०३ मा कारोवार स्वीकृतीको प्रमाण पत्र प्राप्त गरेको छ।

(५) संगठित संस्थाले उद्योग विभागबाट मिति २०७५/०७/१९ (प.सं.२०७५/७६, च.नं. ४२७, ४२८ र ४२९) मा मुख्य शाखा र शाखा युनिट सम्बन्धी अनुमति प्राप्त गरी उद्योगको भण्डारण क्षमता निम्न बमोजिम रहेको छ :

सि.नं.	शाखा उद्योग	ठेगाना	भण्डारण क्षमता
१	मुख्य शाखा	सुनसरी जिल्ला, गढी गाँउपालिका वडा नं.२	५,००० मे.ट.
२	शाखा युनिट-१	नवलपरासी जिल्ला, रामग्राम नगरपालिका वडा नं.८	५,००० मे.ट.
३	शाखा युनिट-२	पर्सा जिल्ला, पर्सागढी नगरपालिका वडा नं.१ बिरुवागुठी	५,००० मे.ट.
	जम्मा क्षमता		**१५,००० मे.ट.**

(६) संगठित संस्थाले उद्योग विभागबाट मिति २०७९/१२/२२ (प.सं.अ.द २०७९/८०, च.नं. ११५४,११५५) मुख्य शाखा र शाखा युनिटहरु-२ पूँजी तथा भण्डारण क्षमतावृद्धि सम्बन्धी तथा मिति २०७९/१२/२४ (प.सं.अ.द २०७९/८०, च.नं. ११५६) पूँजी तथा भण्डारण क्षमतावृद्धि सम्बन्धी एवं उद्योग स्थानान्तणको अनुमति प्राप्त गरी उद्योगको वेयरहाउजिङ्ग क्षमता निम्न बमोजिम क्षमता वृद्धि गरिएको छ।

सि.नं.	शाखा उद्योग	ठेगाना	वेयरहाउजिङ्ग क्षमता
१	मुख्य शाखा	सुनसरी जिल्ला, गढी गाँउपालिका वडा नं.२	१५,००० मे.ट.
२	शाखा युनिट-१	कपिलबस्तु जिल्ला, शिवराज नगरपालिका वडा नं.४, वीरपुरमा	१५,००० मे.ट.
३	शाखा युनिट-२	पर्सा जिल्ला, पर्सागढी नगरपालिका वडा नं.१ बिरुवागुठी	२५,००० मे.ट.
	जम्मा		**५५,००० मे.ट.**

(७) कम्पनीले लामो समयसम्म भण्डारण गरिएको खाद्यान्नको गुणस्तर कायम राख्न प्रदेश नम्बर १, मा रहेको मुख्य शाखा सुनसरी जिल्लामा १५ हजार मेट्रिक टन क्षमताको वैज्ञानिक प्रविधिको साइलो जडान गरी मिति २०७९/०९/३० बाट संचालनमा आएको छ। लुम्बिनी प्रदेश, शाखा नं. १ कपिलवस्तु जिल्लामा स्थित १५ हजार मेट्रिक टन क्षमताको परियोजना मिति २०८०/०७/१५ गते निमार्ण सम्पन्न गर्ने लक्ष्य लिएको छ। मधेश प्रदेश, शाखा नं. २ पर्सा जिल्लामा २५ हजार मेट्रिक टन क्षमताको मिति २०८०/०५/१५ गते परियोजना निमार्ण सम्पन्न भई हाल मेशिनरी तथा उपकरणहरुको परिक्षण भई रहेको छ।

(८) कम्पनीले भण्डारण, लिलामी, बल्क ढुवानी, गोदाम वित्तपोषण, गुणस्तर ग्यारेन्टी जस्ता विशेष सेवाहरू सहित अन्य व्यापार व्यवसायमा प्रवेश गरेको छ।

(९) यस कम्पनीले निर्माण तथा सञ्चालन गरिरहेको मुख्य तथा शाखा उद्योगको प्रगति विवरण यस प्रकारको छ।

वास्तविक परियोजना निर्माण लागतः

क्र.सं.	कुल परियोजना लागत	कर्पोरेट कार्यालय	सुनसरी	कपिलवस्तु	पर्सा	कुल अनुमानित लागत
१	भूमि र भूमि विकास	-	६२,७४६,८९३	७८,८१०,३१३	९०,७००,७८६	२३२,२५७,९९१
२	भवन र सिभिल निर्माण कार्य	-	१११,४८५,९८५	१५७,९००,७८६	९१,४०४,८३०	३६०,७९१,६०१
३	प्लान्ट र मेशिनरी	-	२०१,६२४,९०१	२३४,८२७,२५२	२४७,७२३,५८७	६८४,१७५,७४१
४	फर्निचर र कार्यालय उपकरणहरू	२,०००,०००	३,०००,०००	३,०००,०००	३,०००,०००	११,०००,०००
५	सवारी साधनहरु	५,०००,०००	४१,०००,०००	४१,०००,०००	४१,०००,०००	१२८,०००,०००
६	सफ्टवेयर विकास खर्च	१,५००,०००	५,४७९,१८७	५,४७९,१८७	५,४७९,१८७	१७,९३७,५६०
७	ब्याज र विकास अवधिको सञ्चालन लागत	-	६४,२४५,७०२	६४,२४५,७०२	६४,२४५,७०२	१९२,७३७,१०७
८	बृक्षारोपण मार्फत परियोजना सौन्दर्यीकरण लागत	-	२००,०००	२००,०००	२००,०००	६००,०००
	जम्मा	**८,५००,०००**	**४८९,७८२,६६८**	**५८५,४६३,२४०**	**५४३,७५४,०९१**	**१,६२७,५००,०००**

९.१ सुनसरी मुख्य शाखाः यस इकाईको निर्माण सेप्टेम्बर २०२२ मा सम्पन्न भई यस पटकको गहुको सिजनमा इन्टेक सुरुवात भईसकेको छ। साथै धानको २८० मे.टन तथा मकै र गहुँको ३९५.५४ मे.टन लिलाम प्रकृया सम्पन्न गरिएको छ।

९.२ कपिलवस्तु शाखा युनिट १ : यस इकाईको २० अगष्ट २०२३ सम्ममा ६३% निर्माण सम्पन्न भएको छ। सिभिल निर्माण कार्य ८५% भइसकेको र मेसिनरी र साइलो FAMSUN Storage Engineering Limited को चिनिया कारखानाबाट कपिलवस्तु युनिटमा ढुवानी भई २५ अगस्ट २०२३ बाट जडान कार्य सुरुवात गरी १.५ महिना सम्ममा जडान सम्पन्न गरी परिक्षण गर्ने योजना रहेको छ।

९.३ पर्सा शाखा युनिट २ : यस इकाईको सिभिल निर्माण कार्य सम्पन्न भईसकेको र साइलो जडान सम्पन्न गरी कन्भेयर तथा मेसिनरी जडान गरी यान्त्रिक परिक्षण कार्य भईरहेको छ। साथै यस सिजनको मकैं तथा धान भण्डारणको लागि अन्न सङ्कलक तथा उद्योगी ग्रहाकहरुसँग छलफल भईरहेको छ।

(१०) यस संस्थाको व्यापारिक मोडेल (Business Model), मूल्य श्रृंखला (Value Chain), र संस्थाले सम्पादन गर्ने कार्य (Function) सम्बन्धमा निम्न बमोजिम प्रस्तुत गरिएको छ।

व्यापारिक मोडेल (Business Model) : मूलतः यस कम्पनीले प्रदान गर्ने सेवाहरु सेवा उद्योग भित्रका हुन्। कृषक लगायत ग्राहकहरुले भण्डारण गर्नका ल्याएका अन्नको गुणस्तर ह्रास हुन नदिई, अन्नलाई वैज्ञानिक ढंगले भण्डारण गरी अन्नको प्रयोग अवधिलाई लम्ब्याउने कार्य सहितको सेवा यस कम्पनीले प्रदान गर्दछ। सो सेवा प्रदान गरेवापत कृषक लगायत ग्राहकहरुबाट कम्पनीले भाडा प्राप्त गर्नेछ। अन्न भण्डारण गर्ने कृषक लगायत ग्राहकहरुले कम्पनीबाट वेयरहाउस रिसिप्ट प्राप्त गर्नेछन्, त्यस्तो वेयरहाउस रिसिप्टमा केकस्तो गुणस्तरको कति बजार मूल्य र परिमाणको अन्न कम्पनीमा कति अवधिसम्मका लागि भण्डारण गरिएको हो भन्ने कुरा स्पष्ट खुलेको हुन्छ। त्यस्तो रिसिप्ट बैंक तथा वित्तीय संस्थाहरुमा धितो कागजको रुपमा राखी रिसिप्ट धारकले सम्बन्धित बैंक वा वित्तीय संस्थाबाट यस कम्पनीमा भण्डारणमा रहेको निज रिसिप्ट धारकको अन्नलाई धितो मानेर ऋण प्राप्त गर्न सक्ने हुन्छ। फलतः कृषि क्षेत्रमा चालु पूँजी कर्जा प्रवाह हुन गई मूल्य श्रृङ्खला विस्तार र कृषिको व्यावसायीकरणमा सकारात्मक प्रभाव पुग्न जाने हुन्छ। कम्पनीले कोलेटरल मेनेजर (Collateral Manager) को रुपमा काम गरी कृषक लगायतका ग्राहक र बैंक तथा वित्तीय संस्थाहरु बीच निष्पक्ष समन्वयकारी भूमिका निर्वाह गर्नेछ। त्यसैगरी, कम्पनीको भण्डारण परिसरमा विभिन्न कृषि उपजहरु बोलकबोलको माध्यमबाट लिलाम वढावढ गर्ने गराउने पूर्वाधार तयार गरिएकाले कृषि अन्न र उपजहरु तत्काल उपलब्ध मध्येको उत्तम मूल्यमा कृषक लगायत ग्राहकले विक्री गर्न पाउने भएकाले र खरिदकर्ताले पनि गुणस्तर बमोजिमको मूल्य तिर्ने भएकाले यी दुवै पक्षलाई सहि मूल्यमा कृषि उपज खरिद बक्री गर्न सकेको विश्वास जागृत हुन गई कृषि उपजको बजारीकरणमा सकारात्मक प्रभाव पर्न जाने हुन्छ। साइलोमा भण्डारण गरिएको अन्न सम्बन्धित ग्राहक वा निजले अह्राएको पक्षसम्म कम्पनीको विशेष सुविधायुक्त सवारी साधनले खुला वा बोरामा सःशुल्क ढुवानी गरिदिने भएकाले साइलो भित्र जे जस्तो अवस्थामा गुणस्तर कायम रही अन्न भण्डारण भएको थियो सोहि अवस्थामानै ग्राहकसम्म थोक ढुवानी भइ जाने हुनाले स्थानान्तरणको वखतमा हुन सक्ने नोक्सानी, चोरी, चुहावटलाई धेरै हदसम्म न्यूनीकृत गर्न सकिने हुन्छ। कम्पनीको भण्डारण परिसरले तुलानात्मक रुपमा ठूलो क्षेत्रफल ओगटेको र परिसर भित्र निर्मित सटरहरुमा विभिन्न किसिमका कृषि सम्बन्धी काम गर्ने संघसंस्थाहरुले सेवा प्रदान गर्ने भएकाले कृषक लगायत ग्राहकहरुले कृषि सम्बन्धी एकल विन्दु सेवा प्राप्त गर्ने सम्भावना रहन्छ। कम्पनीमा भण्डारण गर्न चाहने ग्राहकको अलावा अन्य ग्राहकले समेत कम्पनीको परिसर भित्र रहेको अन्न सुकाउने, सफा गर्ने, ग्रेडिंग र गुणस्तर परीक्षण लगायतको सःशुल्क सेवा प्राप्त गर्ने भएकाले यस कम्पनीको मुख्य व्यवसाय अन्न भण्डारणको अलावा माथि उल्लेख गरिएका सहायक व्यवसायहरुको व्यावसायिक सम्भावना उच्च रहेको छ।

मूल्य श्रृंखला (Value Chain) : विद्यमान भण्डारण प्रणालीमा उत्पादनोपरान्त ह्रास (Post Harvest Loss) कम्तीमा ८ देखि १० प्रतिशत रहने गरेको अध्ययनले देखाएको छ। साइलो विहिन भण्डारण प्रणालीमा क्रमशः कृषक, स्थानीय कृषि उपज संकलक, ढुवानीकर्ता, सुरक्षित भण्डारण गृह, थोक व्यापारी र औद्योगिक प्रशोधक विभिन्न समयमा छ थरी पात्रहरु संलग्न रहेका हुन्छन्। जसमध्ये, कृषक र स्थानीय कृषि उपज संकलक बीच कारोवार हुँदा कम्तीमा २ प्रतिशत उत्पादनोपरान्तको ह्रास (Post Harvest Loss) हुने अनुमान गरिएको छ। त्यसैगरी ढुवानीकर्ताले सुरक्षित भण्डारण गृहसम्म अन्न भण्डारण गर्न ल्याउँदा थप १ प्रतिशत मात्र क्षति हुन जाने अध्ययनले देखाएको छ। अन्तिममा सुरक्षित भण्डारण गृह देखि औद्योगिक प्रशोधनको वखत सम्ममा कम्तीमा थप ७ प्रतिशत हुने गरेको देखिएको छ। मूल्य श्रृङ्खलामा हुने गरेको यो कम्तीमा ८ देखि १० प्रतिशतसम्मको उत्पादनोपरान्त ह्रास (Post Harvest Loss) लाई वैज्ञानिक साइलो भण्डारण प्रविधिले हटाउन सकिने देखिएकोछ। माथि उल्लेख गरिएको पहिलो २ प्रतिशत ह्रासको शोधभर्ना कम्पनीले वोलकवोलको माध्यमबाट संचालन गर्ने लिलाम बिक्री केन्द्र (मण्डी) मार्फत प्रत्यक्ष रुपमा कृषक र स्थानीय कृषि उपज संकलकलाई कृषि उपजको सर्टिङ्ग र ग्रेडिङ्ग, उचित तौल, ठूलो संख्याका क्रेतासंग सौदावाजी गर्ने अवसर, उचित मूल्य (Fair Price) प्राप्ती, कृषि उपजको गुणस्तरको आधारमा पारदर्शी मूल्य निर्धारण तथा ग्राहक छनौटको अवसरबाट हुने देखिन्छ। त्यसै गरी पछिल्लो ८ प्रतिशत ह्रासको शोधभर्ना (क्षतिपूर्ति) औद्योगिक लाभको स्वरुपमा लजिष्टिक र साइलो भण्डारण मार्फत ढुवानीकर्ता देखि औद्योगिक प्रशोधकसम्मका चार पात्रहरुले ढुवानीको वखतमा (परिमाण र गुणस्तरमा) हुने नोक्सानी कम गरेर, तुलानात्मक रुपमा सस्तो मूल्यमा थोक र खुद्रा परिमाणको कुशल ह्याण्डलिङ्ग गरेर, सहज लोड अनलोड गरेर, स्थानान्तरणको वखतमा हुन सक्ने चोरी, चुहावटलाई नियन्त्रण गरेर, वेयरहाउस रिसिप्ट फाइनान्सिङ्ग गरेर तथा सयममै आवश्यक औद्योगिक कच्चा पदार्थ उपलब्धताको सुनिश्चितता गरेर त्यस्तो ह्रासको क्षतिपूर्ति गर्न सक्ने देखिन्छ। अन्ततगोत्वा, यस किसिमको मूल्य श्रृङ्खला प्रणालीले राष्ट्रलाई खाद्य सुरक्षा र खाद्य संप्रभुताको अवस्थामा पुऱ्याउन, कृषि उपजको उचित बजार मूल्य (Fair Market Price) निर्धारण गर्न, व्यावसायीकरण, यान्त्रीकरण, र औद्योगीकरणको माध्यमबाट कृषिकर्ममा युवा उद्यमी एवं व्यावसायिक तथा संस्थागत लगानीकर्ताहरुलाई आकर्षित गर्न, कृषि उपजको मूल्य स्थिरीकृत गर्न, औद्योगिक प्रशोधनको गुणस्तर कायम गर्न र कृषकलाई बजारसँग जोड्न मद्दत पुऱ्याउने देखिन्छ।

यस संस्थाले आफुले सम्पादन गर्ने कार्य (Function) निम्न बमोजिम रहेको छ।

(क) ***खाद्यान्नहरूको भण्डारण :*** (१) पूर्णतः स्वचालित वैज्ञानिक तवरबाट खाद्यान्नको सुरक्षित भण्डारण (२) चीन तथा जर्मनीबाट आयात गरिएका अत्याधुनिक उपकरण र प्रविधिको प्रयोग।

(ख) ***पोष्ट हार्भेष्ट सुविधाहरु :*** (१) स्वचालित प्रविधिको माध्यमबाट खाद्यान्नको सफाई, केलाई गर्ने (२) प्रयोगशालामा गुणस्तर परीक्षण गरी मानकीकरण गरिने (३) चिलर प्रयोग गरी खाद्यान्नको तापमान नियन्त्रण गरिने (४) यसरी प्रशोधन गरिएको अन्नले बजारमा उचित मूल्य पाउन सहज हुने।

(ग) ***वित्तीय सुविधा :*** (१) भण्डारण गरिएको अन्नहरूको धितोमा कृषक तथा व्यवसायीहरूलाई ऋण प्रवाहको लागि सहजीकरण गर्ने (२) कम्पनीकै हातामा भएका वित्तीय संस्थाबाट उपरोक्त सुविधा उपलब्ध गराउने।

(घ) ***मण्डी बजार व्यवस्थापन :*** (१) मण्डी परिसरमा बिक्रीका लागि आएका अन्नहरूको लिलाम वढावढको व्यवस्था गर्ने (२) मण्डी बजारमा कृषक, सकंलक, व्यापारी, तथा उत्पादकहरुलाई भेला गराई बजार निर्माण गर्न सहजीकरण गर्ने (३) खुला तथा पारदर्शी बजार व्यवस्थापन गर्ने।

(ङ) ***थोक परिमाणमा ढुवानी :*** (१) खाद्यान्नको पौष्टिक गुणस्तर कायम राख्न अत्याधुनिक बल्कर (ट्रक) द्वारा ढुवानी गरिने (२) स्वचालित लोडिङ र अनलोडिङको कारणले समय र श्रोतको वचत हुन जाने।

(च) ***एकिकृत कृषि सुविधा :*** (१) कृषकलाई आवश्यक पर्ने बिऊ बिजन, मलखाद, औषधि, उपकरण तथा अन्य आवश्यक बस्तु तथा सेवाहरु एकै ठाँउबाट सरल,सहज र सुलभ तरिकाबाट उपलब्ध गराउने।

(११) कम्पनीको वित्तीय परिसुचक :

क्र.सं.	आ.व.	लगानी	राजस्व	लागत	कूल नाफा	ह्रासकट्टी ब्याज तथा र परिशोधन	वार्षिक नगद प्रवाह	डिस्काउन्टको आधार [Discount Factor (DF)]	NPV at given DF	संचयी नगद प्रवाह (Cummulative CF)	संचयी डिस्काउन्टेड नगद प्रवाह (Cummulative DCF)
०	२०७६/७७	(४१८,५६३)	-	-	(६,५०३)	-	(४२५,०६६)	१.००	(४२५,०६६)	(४२५,०६६)	(४२५,०६६)
१	२०७७/७८	(२५९,९६८)	५६	(१४,०२२)	(११,९२०)	-	(२७१,८८७)	०.९१	(२४७,१७०)	(६९६,९५३)	(६७२,२३६)
२	२०७८/७९	(२७६,०७३)	१६३	(८,९१४)	(२१,२२४)	२०२	(२९७,०९५)	०.८३	(२४५,५३३)	(९९४,०४८)	(९१७,७६९)
३	२०७९/८०	(५९२,८९६)	२४९	(१७,२००)	(५९,९४३)	२,४७४	(६५०,३६५)	०.७५	(४८८,६२९)	(१,६४४,४१३)	(१,४०६,३९८)
४	२०८०/८१	(४०,०००)	९८,०५२	(१४४,०४३)	७९,९१६	१२१,१४३	१६१,०६०	०.६८	११०,००६	(१,४८३,३५३)	(१,२९६,३९२)
५	२०८१/८२	(४०,०००)	४३९,२४३	(३१९,९५६)	१२५,०१७	१६०,२८२	२४५,२९९	०.६२	१५२,३११	(१,२३८,०५४)	(१,१४४,०८१)
६	२०८२/८३		४५१,२६७	(३३५,८६८)	१२८,५०२	१५४,९९२	२८३,४९४	०.५६	१६०,०२५	(९५४,५६०)	(९८४,०५५)
७	२०८३/८४		४६८,७३८	(३४५,९३४)	१३४,८४१	१५०,३५२	२८५,१९३	०.५१	१४६,३४९	(६६९,३६७)	(८३७,७०६)
८	२०८४/८५		४८०,८९१	(३१२,९७६)	१४१,३६१	१४२,२६८	२८३,६२९	०.४७	१३२,३१५	(३८५,७३८)	(७०५,३९१)
९	२०८५/८६		४९८,४९७	(३१९,३२४)	१६३,०६८	१३३,२४४	२९६,३१२	०.४२	१२५,६६५	(८९,४२६)	(५७९,२२६)
१०	२०८६/८७			(३३१,७२१)	१८५,९७०	१२४,०३२	३१०,००२	०.३९	११९,५१९	२२०,५७७	(४६०,२०७)
११	२०८७/८८			(३३१,७२१)	२०४,५६७	१२४,०३२	३२८,५९९	०.३५	११५,१७२	५४९,१७६	(३४५,०३५)
१२	२०८८/८९			(३३१,७२१)	२२५,०२४	१२४,०३२	३४९,०५६	०.३२	१११,२२०	८९८,२३२	(२३३,८१५)
१३	२०८९/९०			(३३१,७२१.११)	२४७,५२६	१२४,०३२	३७१,५५८	०.२९	१०७,६२७	१,२६९,७९०	(१२६,१८७)
१४	२०९०/९१			(३३१,७२१.११)	२७२,२७९	१२४,०३२	३९६,३११	०.२६	१०४,३६१	१,६६६,१०१	(२१,८२६)
१५	२०९१/९२			(३३१,७२१.११)	२९९,५०७	१२४,०३२	४२३,५३९	०.२४	१०१,३९२	२,०८९,६४०	७९,५६५
१६	२०९२/९३			(३३१,७२१.११)	३२९,४५७	१२४,०३२	४५३,४८९	०.२२	९८,६९३	२,५४३,१२९	१७८,२५८
१७	२०९३/९४			(३३१,७२१.११)	३६२,४०३	१२४,०३२	४८६,४३५	०.२०	९६,२३९	३,०२९,५६४	२७४,४९७
१८	२०९४/९५			(३३१,७२१.११)	३९८,६४३	१२४,०३२	५२२,६७६	०.१८	९४,००८	३,५५२,२४०	३६८,५०४
१९	२०९५/९६			(३३१,७२१.११)	४३८,५०८	१२४,०३२	५६२,५४०	०.१६	९१,९८०	४,११४,७८०	४६०,४८४
२०	२०९६/९७			(३३१,७२१.११)	४८२,३५९	१२४,०३२	६०६,३९१	०.१५	९०,१३६	४,७२१,१७०	५५०,६२०
२१	२०९७/९८			(३३१,७२१.११)	५३०,५९४	१२४,०३२	६५४,६२७	०.१४	८८,४६०	५,३७५,७९७	६३९,०८०
२२	२०९८/९९			(३३१,७२१.११)	५८३,६५४	१२४,०३२	७०७,६८६	०.१२	८६,९३६	६,०८३,४८३	७२६,०१७
११	२०९९/२१००	Term value		(३३१,७२१.११)	६४२,०१९.३१	१२४,०३२	१,३४२,५६१	०.३५	४७०,५५९	१,५६३,१३७	१,१९६,५७६
Internal Rate Return (IRR)								१५.१९%	१,१९६,५७६		
Undiscounted CF Payback Period		९.२९ वर्ष									
Discounted Pay Back Period		१३.६५ वर्ष									

परियोजनासँग सम्बन्धित विवरण तथा अनुपातहरु :
परियोजनाको साधारण लगानी फिर्ता हुने अवधि : ९.२९ वर्ष
परियोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि : १३.६५ वर्ष
Net Present Value (NPV), Internal Rate of Return (IRR) **साधारण लगानी फिर्ता हुने अवधि तरिका :**
Net Present Value (NPV) : १,१९६,५७६
Internal Rate of Return (IRR) : १५.१९%
NPV तथा IRR **गणना गर्दा** Cash Flow Basis **विधि अनुरुप गणना गरिएको छ।**
डिस्काउन्ट आधार गणना विधि :
कम्पनीले ९४ करोड ऋण रकममा हाल भुक्तान गरी रहेको ब्याज दर १२.०९ प्रतिशतमा नेपाल सरकारबाट रु.२० करोड ऋण रकममा प्राप्त गरिरहेको ब्याज अनुदान वापत ९.८ प्रतिशत (प्रिमियम वाहेक) समायोजन गरी डिस्काउन्ट आधार १० प्रतिशत गणना गरिएको छ।

(१२) संगठित संस्थाले आफ्नो उद्देश्य अनुरुपको काम कार्यवाही अगाडी बढाउने सन्दर्भमा नियमनकारी निकायहरुबाट हालसम्म प्राप्त गरेको स्वीकृती, अनुमति तथा इजाजतपत्रको बहाल रहने अवधि निम्नानुसार रहेको छ :

सि.नं.	स्वीकृती/अनुमति/इजाजत दिने/प्रदान गर्ने निकाय/ संस्था	स्वीकृती/अनुमति/इजाजतको संक्षिप्त विषय वस्तु	इजाजत प्राप्त मिति (वि.सं.)	स्वीकृती/अनुमति/ इजाजत बहाल रहने अवधि
१	कम्पनी रजिष्ट्रारको कार्यालय	नेपाल वेयरहाउजिङ्ग कम्पनी प्राइभेट लिमिटेड	२०७४/०२/२९	-
२	कम्पनी रजिष्ट्रारको कार्यालय	नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड	२०७५/०५/०६	-
३	आन्तरिक राजस्व विभाग	आयकर र मु.अ. कर	२०७४/०३/०८	हरेक आ.व आषाढ
४	उद्योग विभाग	नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड, मुख्य शाखा	२०७५/०७/११	-
४	उद्योग विभाग	नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड, शाखा युनिट-१	२०७५/०७/११	-
५	उद्योग विभाग	नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड, शाखा युनिट-२	२०७५/०७/११	-
६	उद्योग विभाग	म्याद थप नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड, शाखा युनिट-२ (पर्सा)	२०७९/०३/०३	-
७	उद्योग विभाग	म्याद थप नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड, मुख्य शाखा	२०७९/०३/०३	-
८	उद्योग विभाग	म्याद थप वेयरहाउजिङ्ग कम्पनी लिमिटेड, शाखा युनिट-१ (कपिलबस्तु)	२०७९/०३/०३	-
९	उद्योग विभाग	पूँजी तथा क्षमता वृद्धि एवं उद्योग स्थानान्तरण, शाखा युनिट-१ (कपिलबस्तु)	२०७९/१२/२४	-
१०	उद्योग विभाग	पूँजी तथा क्षमता वृद्धि,शाखा युनिट-२ (पर्सा)	२०७९/१२/२२	-
११	उद्योग विभाग	पूँजी तथा क्षमता वृद्धि, मुख्य शाखा (सुनसरी)	२०७९/१२/२२	-

संगठित संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा हालसम्म भएको संशोधन, सम्बन्धित दफा, संशोधनको विषय, संशोधन स्वीकृत भएको संचालक समितिको निर्णय नम्बर र मिति, संशोधन स्वीकृत गर्ने साधरण सभाको मिति र उक्त संशोधन नियमन निकाय वा कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको मिति निम्न बमोजिम रहेको छ :

प्रबन्धपत्रतर्फ :

संशोधित दफा	संशोधित विषय	संशोधन भएको सञ्चालक समितिको निर्णय नम्बर र मिति	संशोधन स्वीकृत गर्ने साधारण सभा/विशेष साधारण सभा भएको मिति	संशोधित विषय नियमन निकाय वा कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको मिति
दफा ६ (क), (ख) र (घ) तथा दफा ७ को (क), (ख) र (ग)	कम्पनीको अधिकृत पूँजी र जारी पूँजीमा संशोधन गरिएको र शेयरलगत र अध्यावधिक अभिलेख गरिएको।	मिति २०७७/०९/१७ मा बसेको सञ्चालक समितिको २३ औं बैठकको निर्णय नम्बर १ अनुसार दोस्रो वार्षिक साधारण सभामा स्वीकृतीका लागि पेश गर्ने निर्णय गरेको।	संशोधन भएको प्रवन्धपत्र स्वीकृत मिति २०७७/१०/१६ को दोश्रो वार्षिक साधारण सभा पारित।	कम्पनी रजिष्ट्रार कार्यालयले मिति २०७७/११/२५ मा अभिलेख भएको छ।
दफा ६ (क), (ख) र (घ)	कम्पनीको अधिकृत पूँजी र जारी पूँजीमा संशोधन गरिएको।	मिति २०७८/०८/०८ मा बसेको सञ्चालक समितिको २९ औं बैठकको निर्णय नम्बर ४ अनुसार तेस्रो साधारण सभामा स्वीकृतीका लागि पेश गर्ने निर्णय गरेको।	संशोधन भएको प्रवन्धपत्र स्वीकृत मिति २०७८/९/१ को तेश्रो साधारण सभामा पारित।	कम्पनी रजिष्ट्रार कार्यालयले मिति २०७८/१०/१४मा संसोधन र अभिलेख भएको छ।
दफा ६ को (ग) र (घ) र दफा ९ मा संशोधन	कम्पनीको चुक्ता पूँजीमा भएको संशोधन र नगद वाहेकमा शेयर रकम भुक्तानी लिने प्रावधान थप भएको	मिति २०७९/०६/२६ मा बसेको सञ्चालक समितिको ४० औं बैठकको निर्णय नम्बर २ अनुसार चौथो साधारण सभामा स्वीकृतीका लागि पेश गर्ने निर्णय गरेको।	संशोधन भएको प्रवन्धपत्र स्वीकृत मिति २०७९/०७/२० को चौथो साधारण सभामा पारित।	कम्पनी रजिष्ट्रार कार्यालयले मिति २०७८/१०/१४मा संसोधन र अभिलेख भएको छ।

नियमावलीतर्फ :

संशोधित दफा	संशोधित विषय	संशोधन भएको सञ्चालक समितिको निर्णय नम्बर र मिति	संशोधन स्वीकृत गर्ने साधारण सभा/विशेष साधारण सभा भएको मिति	संशोधित विषय नियमन निकाय वा कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको मिति
दफा २७ को (२)	नियम २७ मा अध्यावधिक गरिएको।	मिति २०७८/०८/०८ मा बसेको सञ्चालक समितिको २९ औं बैठकको निर्णय नम्बर ४ अनुसार तेस्रो साधारण सभामा स्वीकृतीका लागि पेश गर्ने निर्णय गरेको।	संशोधन भएको प्रवन्धपत्र स्वीकृत मिति २०७८/९/१ को तेश्रो साधारण सभामा पारित।	कम्पनी रजिष्ट्रार कार्यालयले मिति २०७८/१०/१४ मा संसोधन र अभिलेख भएको छ।
नियम २७ को (२) मा संशोधन	नगद वाहेकमा शेयर रकम भुक्तानी लिने प्रावधान थप भएको	मिति २०७९/०६/२६ मा बसेको सञ्चालक समितिको ४० औं बैठकको निर्णय नम्बर २ अनुसार चौथो साधारण सभामा स्वीकृतीका लागि पेश गर्ने निर्णय गरेको।	संशोधन भएको प्रवन्धपत्र स्वीकृत मिति २०७९/०७/२० को चौथो साधारण सभामा पारित।	कम्पनी रजिष्ट्रार कार्यालयले मिति २०७८/१०/१४ मा संसोधन र अभिलेख भएको छ।

कम्पनीको प्रबन्धपत्रको दफा (४) को उपदफा (१) अनुसार कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

(क) यस कम्पनीद्वारा भण्डारण गृह निर्माण गरी सञ्चालन गरिनेछ।
(ख) भण्डारण गृहमा कृषिजन्य उत्पादनहरु सुरक्षित तवरबाट भण्डारण तथा शित भण्डारण गर्ने गराइनेछ।
(ग) भण्डारण गृहमा भण्डारण गरिएका तथा भण्डारण गृह परिसरमा विक्रिका लागि आएका कृषि उत्पादनहरु लिलाम बढाबढको व्यवस्था अनुसार खरिद बिक्रि गर्न गराउन आवश्यक प्रबन्ध गरिनेछ।
(घ) उच्च प्रविधिको प्रयोग गरी कृषि उत्पादनहरुलाई प्रशोधन (सफा गर्ने/केलाउने सुकउने तथा अन्य आवश्यक कार्य) गर्ने गराइनेछ।
(ङ) कृषि उत्पादनहरु विभिन्न स्थानहरुमा पुऱ्याउनको लागि माग भए अनुसार ढुवानीको व्यवस्था गर्ने गराइनेछ।
(च) भण्डारण गरिएका वस्तुहरुको धितोमा कृषक/व्यवसायिक ऋण प्रवाहमा सहजिकरण हुने गरी आवश्यक सूचना तथा कागजातहरु उपलब्ध गर्ने गराईनेछ।
(छ) आधुनिक र उन्नत कृषि प्रविधिको लागि किसानहरुलाई आवश्यक पर्ने प्राविधिक शिक्षा, शिप तालिम, परामर्शको लागि पहल गर्ने गराइनेछ।
(ज) कृषकहरुलाई आवश्यक पर्ने बिउ बिजन, मलखाद, औषधि, कृषि उपकरण लगायतका अन्य आवश्यक वस्तु तथा सेवाहरु एकै ठाँउबाट सरल, सहज र सुलभ तरीकाबाट उपलब्ध गराउन भण्डारण गृह परिसरमा उचित प्रबन्ध गर्ने गराइनेछ।

६. धितोपत्र जारी गर्नुको उद्देश्य :

(१) कम्पनीले आफ्नो जारी पूँजी रु.६८,७५,००,०००/- (अक्षरेपी अड्सठ्ठी करोड पचहत्तर लाख मात्र) को २० अर्थात रु.१३,७५,००,०००/- (अक्षरेपी तेह्र करोड पचहत्तर लाख मात्र) रकम बराबरको प्रति कित्ता रु.१००/- अंकित दरका १३,७५,००० कित्ता साधारण शेयर मध्य सार्वजनिक निष्काशानको प्रचलित कानून बमोजिम नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी वैदेशिकरोजगारी गरिरहेका नेपालीहरुका लागि छुट्याइएको १० प्रतिशत, सामूहिक लगानी कोषका लागि छुट्याइएको ५ प्रतिशत तथा संगठित संस्थाका कर्मचारीहरुका लागि छुट्याइएको २ प्रतिशत र सो बाँडफाँड पश्चात् बाँकी ११,४१,२५० सर्वसाधारणहरुको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही निष्काशन गरिएको छ।
(२) संस्थाको सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न।
(३) संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी संकलन गर्न।

७. कम्पनीको पूँजी संरचना सम्बन्धी विवरण :

(१) **अधिकृत पूँजी (Authorised Capital):** कम्पनीको अधिकृत पूँजी रु.७०,००,००,०००/- (अक्षरेपी सत्तरी करोड मात्र) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु.१००/- अंकित दरका ७०,००,००० (सत्तरी लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।
(२) **जारी पूँजी (Issued Capital):** कम्पनीको जारी गर्ने शेयर पूँजी रु.६८,७५,००,०००/- (अक्षरेपी अड्सी करोड पचहत्तर लाख मात्र) हुनेछ। सो पूँजीलाई रु.१००/- (अक्षरेपी एक सय) प्रति कित्ताका दरले ६८,७५,००० (अड्सठ्ठी लाख पचहत्तर हजार) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।
(३) **चुक्ता पूँजी (Paid up Capital):** कम्पनीको चुक्ता पूँजी रु.५५,००,००,०००/- (अक्षरेपी पचपन्न करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- (अक्षरेपी एक सय) प्रति कित्ताका दरले ५५,००,००० (पचपन्न लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ। सर्वसाधारणका निम्ति थप छुट्याएको रु.१३,७५,००,०००/- (अक्षरेपी तेह्र करोड पचहत्तर लाख मात्र) रकम बराबरको रु.१००/- (अक्षरेपी एक सय) अंकित दरको १३,७५,००० कित्ता साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.६८,७५,००,०००/- (अक्षरेपी अड्सी करोड पचहत्तर लाख मात्र) हुनेछ।

८. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

समूह	शेयरधनीहरु	शेयर कित्ता	चुक्ता रकम (रु.)	पूँजी संरचना	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	५५,००,०००	५५,००,००,०००/-	८०%	शत प्रतिशत
ख	सर्वसाधारण शेयरधनी (वैदेशिक रोजगारीमा रहेका नेपाली, कर्मचारीहरु तथा सामूहिक लगानी कोष समेत)	१३,७५,०००	१३,७५,००,०००/-	२०%	निष्काशन पश्चात् शतप्रतिशत भुक्तानी हुने
	जम्मा	**६८,७५,०००**	**६८,७५,००,०००/-**	**१००%**	**शत प्रतिशत**

नोटः *मिति २०७९/०७/१७ गते देखि लागु हुने गरी स्वीकृत भएको धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैठौं संशोधन २०७९)को दफा ४ (ख) (१) मा व्यवस्था भए बमोजिम सर्वसाधारणमा सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि छुट्याईएको छ।*

९. आधारभूत शेयरधनी/संस्थापक/सञ्चालक सम्बन्धी विवरण :

आधारभूत शेयरधनीको विवरण

क्र.सं.	नाम, ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व/ कित्ता	शेयर प्रतिशत	शैक्षिक योग्यता	अनुभव	प्रस्तावित व्यापार/व्यवसाय
१	श्री आनन्द कुमार अग्रवाल वगडिया का.म.न.पा.-१०, सिनामंगल।	अध्यक्ष	५२	नेपाली	१,००,०००	१.४५%	वि.ई, औद्योगिक उत्पादन, इन्टरप्रिनियर व्यवस्थापनमा स्नातकोत्तर	• निम्बस होल्डिङ्गस प्रा.लि.मा प्रबन्ध निर्देशक (सन् २००० जनवरी देखि हाल सम्म) • प्रोवायोटेक इन्डष्ट्रिज लि.मा प्रबन्ध निर्देशक (सन् १९९९ जनवरी देखि हाल सम्म)।	व्यवसाय (दाना तथा तेल रिफाइनरी उद्योग)
२	श्री विनय कुमार तोदी विराटनगर-८, मोरङ्ग	शेयरधनी	४३	नेपाली	८३,५००	१.२१%	एमबिए फाईनान्स	• गुँरास लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडमा सन् २०२० नोभेम्बर देखि २०२१ जुनसम्म संचालक • सि.ई.डि.वि. हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडमा संचालक (सन् २०२० नोभेम्बर देखि हाल सम्म) • Equitas Holdings Private Limited मा कार्यकारी निर्देशक (सन् २०२० जुलाई देखि हाल सम्म) • Equicap Asia Pte Ltd., Singapore मा सन् २०१६ जुलाई देखि २०१७ अक्टोबर सम्म Vice-President भई कार्य गरेको • सन् २००९ डिसेम्बर देखि २०११ जुलाई सम्म सि.इ.डि.वि. हाइड्रो फण्ड लिमिटेडमा Head-Business Development भई कार्य गरेको • सन् २००९ अप्रिल देखि २००९ डिसेम्बर सम्म क्लिन इनर्जी डेभलपमेन्ट बैंक लिमिटेड मा Analyst-Energy Department भई कार्य गरेको • सन् २०११ जुलाई देखि २०१६ जुलाइ सम्म इस्सल-क्लिन सोलु हाइड्रोपावर प्रा.लि.मा मुख्य संचालन अधिकृत भई कार्य गरेको।	लगानी व्यवस्थापनसंग सम्बिन्धित व्यवसाय
३	निम्वस होल्डिङ्गस प्रा.लि. सिनामंगल, काठमाण्डौं।	लागू नहुने			४,५०,०००	६.५५%	लागू नहुने		
४	शिखर इन्स्योरेन्स कम्पनी लि. थापाथली, काठमाण्डौं।	लागू नहुने			६,००,०००	८.७३%	लागू नहुने		
५	श्रीनगर एग्रो फार्म प्रा.लि. शुध्दोधन, रुपन्देही।	लागू नहुने			२,००,०००	२.९१%	लागू नहुने		
६	टि.एन.ए. इन्भेष्ट प्रा.लि. हात्तिसार, काठमाण्डौं।	लागू नहुने			३,००,०००	४.३६%	लागू नहुने		
७	एनएमबि बैंक लि. बबरमहल, काठमाण्डौं।	लागू नहुने			२,००,०००	२.९१%	लागू नहुने		
८	टिम भेन्चर्स प्रा.लि. बौद्ध काठमाण्डौं।	लागू नहुने			२,००,०००	२.९१%	लागू नहुने		
९	प्रोवायोटेक इन्डष्ट्रिज लि. सिनामंगल, काठमाण्डौं।	लागू नहुने			१५,३५,०००	२२.३३%	लागू नहुने		
१०	मुक्तिनाथ कृषि कम्पनी लि. वसुन्धारा, काठमाण्डौं।	लागू नहुने			२,००,०००	२.९१%	लागू नहुने		
११	नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि. (निफ्रा) नयाँ वानेश्वर, काठमाण्डौं।	लागू नहुने			५,००,०००	७.२७%	लागू नहुने		
१२	आइएमई जनरल इन्स्योरेन्स लि. नक्साल, काठमाण्डौं।	लागू नहुने			२,००,०००	२.९१%	लागू नहुने		
१३	आद्यन्त इन्भेष्टमेन्ट प्रा.लि. वालुवाटार, काठमाण्डौं।	लागू नहुने			१,००,०००	१.४५%	लागू नहुने		
१४	हिमालयन क्यापिटल लि. ठमेल, काठमाण्डौं।	लागू नहुने			२,००,०००	२.९१%	लागू नहुने		
१५	अल्फा क्यापिटल प्रा.लि. दरबारमार्ग, काठमाण्डौं।	लागू नहुने			३,४९,९००	५.०९%	लागू नहुने		
१६	हाथवे इन्भेष्टमेण्ट नेपाल लि. लैनचौर, काठमाण्डौं	लागू नहुने			१,५०,०००	२.१८%	लागू नहुने		

सञ्चालकहरुको विवरण

क्र.सं.	नाम, ठेगाना	पद	उमेर (वर्ष)	शेयर कित्ता	शैक्षिक योग्यता	अनुभव	प्रस्तावित व्यापार/व्यवसाय
१	श्री आनन्द कुमार अग्रवाल बगडिया का.म.न.पा.-१०, सिनामंगल।	अध्यक्ष	५२	१,००,०००	बि.ई, औद्योगिक उत्पादन, इन्टरप्रिनियर व्यवस्थापनमा स्नातकोत्तर	- निम्बस होल्डिङ्गस प्रा.लि.मा प्रबन्ध निर्देशक (सन् २००० जनवरी देखि हाल सम्म) - प्रोवायोटेक इन्डष्ट्रिज लि.मा प्रबन्ध निर्देशक (सन् १९९९ जनवरी देखि हाल सम्म)	व्यवसाय (दाना तथा तेल रिफाइनरी उद्योग)
२	श्री दिप प्रकाश पाण्डे का.म.न.पा., रक्तकाली (प्रतिनिधि शिखर इन्स्योरेन्स कम्पनी लि)	सञ्चालक	४८	छैन	एम.बि.ए.	- निर्जिवन बीमा क्षेत्रमा सन् १९९६ देखि हाल सम्मको अनुभव। - नेपाल पुर्नबीमा कम्पनी लि.मा सञ्चालक (सन् २०२२ देखि हाल सम्म)।	बीमा (निर्जिवन तथा पुर्नबीमा कम्पनी)
३	श्री सतिश चन्द श्रेष्ठ का.म.न.पा., वडा नं.३, काठमाण्डौ (प्रतिनिधि श्रीनगर एग्रो फार्म प्रा.लि.)	सञ्चालक	५२	५०,०००	एम.बि.ए.	संस्थापक, अध्यक्ष र प्रबन्ध निर्देशक, श्रीनगर एग्रो फार्म प्रा.लि.	व्यवसाय (एग्रो फार्म तथा दाना उद्योग)
४	श्री तेन्जिङ छुफेल लामा का.म.न.पा. वडा नं.६, काठमाण्डौं (प्रतिनिधि टिम भेन्चर्स प्रा.लि.)	सञ्चालक	३९	छैन	बि.बि.ए.	सञ्चालक, अन्नपूर्ण कारपेट इन्डष्ट्रिज प्रा.लि (सन् २०१३ देखि हाल सम्म)	व्यापार कार्पेट क्षेत्रमा

नोट : *माथि उल्लेखित सञ्चालकहरुबाट सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ तथा कम्पनी ऐन, २०६३ का सम्पूर्ण व्यवस्थाहरु पालना भएको छ।*

१०. संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरुको नाम, योग्यता :

क्र.सं.	नाम तथा पद	पद	नियुक्ति मिति	योग्यता	अनुभव
१	श्री जय मुकुन्द खनाल	प्रमुख कार्यकारी अधिकृत	२०७७/०९/१७	एम.बि.ए/ डिफेन्स एण्ड स्ट्राटेजिक स्टडिजमा पि.जि. डिप्लोमा	• सचिव, रक्षा मन्त्रालय, कृषि विकास मन्त्रालय, उद्योग मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय/सहसचिव एवं प्रवक्ता गृह मन्त्रालय (सन् १९९१ देखि २०२१ सम्म) • विभिन्न जिल्लामा प्रमुख जिल्ला अधिकारी भई काम गरेको अनुभव सहित नेपाल सरकारको सेवामा ३० वर्षको अनुभव • कार्यकारी निर्देशक/कार्यकारिणी सदस्य, राष्ट्रिय स्तरको गैरसरकारी संस्था वातावरण तथा कृषि नीति अनुसन्धान, प्रसार एवं विकास केन्द्रमा अनुभव (CEAPRED) • सञ्चालक, माछापुच्छ्रे बैंक लिमिटेड।
२	श्री मुकुन्द भुसाल	प्रमुख वित्तीय अधिकृत	२०७८/०२/०२	एम.बि.ए./ चार्टर्ड एकाउन्टेन्ट (फाइनल लेभल)	• क्रेडिट नियन्त्रण प्रबन्धक, निम्बस होल्डिङ्गस प्रा.लि. (२०७५ फागुन देखि २०७७ जेठ सम्म) • लेखा अधिकारी, नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रा.लि. (२०७३ फागुन देखि २०७५ भदौ सम्म) • आन्तरिक लेखापरीक्षण तथा आयोजना प्रमुख (वरिष्ठ अधिकृत), एनएमबि लघुवित्त वित्तीय संस्था लि. (२०७२ माघ देखि २०७३ फागुन सम्म) • लेखापरीक्षण सहयोग, पीकेएफ टीआर उपाध्याय एण्ड कम्पनी (२०६९ भदौ देखि २०७२ मंसिर सम्म) • लेखापरीक्षण सहयोग, एल भण्डारी एण्ड एसोसिएट्स. (२०६७ पुष देखि २०६८ माघ सम्म) • लेखापाल, QFX सिनेमाज (२०६६ असार देखि २०६७ कार्तिक सम्म)
३	श्री निश्चित अर्याल	प्रमुख व्यापार अधिकृत	२०७८/०८/०१	विकास अध्ययनमा एमफिल	• विकास अधिकारी, प्रोवायोटेक इन्डष्ट्रिज प्रा.लि. (२०७२-२०७४) • परियोजना संयोजक, अनुसन्धान सहयोगी (कृषि विस्तार), सामाजिक र वातावरणीय परिवर्तन अध्ययन संस्था (२०६७-२०७१) • अनुसन्धान सहयोगी र शिक्षण सहायक वेस्ट भर्जिनिया स्टेट विश्वविद्यालय, संयुक्त राज्य अमेरिका (२०६५-२०६६)
४	श्री कमल पौडेल	प्रमुख सूचना प्रविधि	२०७८/०४/२४	एम.एस.ई कम्प्युटिङ्ग, कम्प्युटर ईन्जिनियरिङ्गमा स्नातक	• डिजिटाईजेसन अधिकृत, माछापुच्छ्रे बैंक लिमिटेड, (२०७६ कार्तिक-२०७८ श्रावण सम्म) • सिस्टम एड्मिनिस्ट्रेटर कम एम् आई एस अधिकृत, सिप्रेड (CEAPRED), (२०७४ असोज-२०७६ कार्तिक सम्म) • सूचना तथा सञ्चार अधिकृत, हिमाली प्रोजेक्ट, (२०६९ फागुन-२०७४ असोज सम्म) • सिस्टम ईन्जिनियर, सिवानी ऐयर प्रा.लि. (२०६२ माघ-२०६६ साउन सम्म)

कम्पनीका माथि उल्लेखित कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभुत शेयरधनी वा अन्य कुनै संगठित संस्थामा लगानी गर्नु नभएको।

११. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

यस कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार स्वतन्त्र सहित ७ (सात) जनाको संचालक समिति गठन गरिने छ।

विवरण	संख्या
(१) शेयरधनीहरुको प्रतिनिधित्व गर्ने संचालकहरु	५(पाँच) जना
(२) महिला संचालक	१ (एक) जना
(३) स्वतन्त्र संचालक	१ (एक) जना
जम्मा	**७ (सात) जना**

नोटः *हाल यस कम्पनीमा संस्थापक समूहका शेयरधनीहरुबाट ४ जना संचालक रहेका छन्। प्राथमिक सार्वजनिक निष्काशन पश्चात् आगामी वार्षिक साधारण सभाबाट नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार सर्वसाधारण समूहबाट १ जना संचालक समितिको सदस्य तथा १ जना महिला सदस्य निर्वाचित गरिनेछ।*
संचालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ।
यस कम्पनीको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार कम्पनीको सञ्चालक पदमा नियुक्त हुनको लागि कुनैपनि शेयरधनीले आफ्नो नाममा १०० (एक सय) कित्ता शेयर लिएको हुनुपर्नेछ। तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागु हुनेछैन।

१२. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनीको स्थापना प्रचलित कानून अन्तर्गत पब्लिक लिमिटेड कम्पनीको रुपमा भएको हो। यसमा शेयरधनीहरुको दायित्व निजहरुले खरीद गरेको वा गर्न कबुल गरेको शेयरको अंकित मूल्य रकम सम्म मात्र सिमित रहनेछ।

१३. सञ्चालन अवधि तीन वर्ष व्यतित भई सकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतित भई नसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान सहितको संक्षिप्त विवरणः

वासलात

(रकम रु.मा)

विवरण	वास्तविक			*आ.व.२०८० आषाढ मसान्त
	आ.व. २०७६/७७	आ.व. २०७७/७८	आ.व. २०७८/७९	
सम्पत्ति				
गैर चालु सम्पत्ति				
सम्पत्ति, प्लान्ट र उपकरण (खुद)	-	२२०,७५२,०३५	२३२,१८४,५९१	५९९,३०४,०००
पूँजीगत कार्य प्रगति	४९०,७८०,७९४	४५७,२१९,९७७	६९५,८३७,०४९	७३४,७८५,०००
अमूर्त सम्पत्ति	-	-	८,४९४,३९४	९,९६६,७००
सम्पत्ति प्रयोग गर्ने अधिकार	-	-	१,३२१,६०८	४,७५१,०००
स्थगन कर	१,६४४,७४७	४,८१३,१३७	९,०१७,३८५	२०,१६८,७००
जम्मा गैह चालु सम्पत्ति	**४९२,४२५,५४१**	**६८२,७८५,१४९**	**९४६,८५५,०२७**	**१,३६८,९७५,४००**
चालु सम्पत्ति				
वित्तीय सम्पत्ति				
व्यापार प्राप्य	-	११५,५००	११५,५००	२,३६७,८०२
नगद तथा नगद समान	४,३९३,३२१	१५,६२५,३३९	३१,५३२,०३३	१९,९५६,१९७
माथि (२) बाहेकको बैंक ब्यालेन्स	२,९२८,०३६	३,६६८,५९२	७,९८७,०७८	-
चालु कर सम्पत्ति	३७,६५९	४४,७६३	५२,८०६	५८,०००
अन्य चालु सम्पत्ति	२४,७२३,४२०	८३,८६७,४५३	१६८,०६०,११७	१२३,०१४,०००
जम्मा चालु सम्पत्ति	**३२,०८२,४३६**	**१०३,३२१,६४७**	**२०७,७४७,५३४**	**१४५,३९५,९९९**
जम्मा सम्पत्ति	**५२४,५०७,९७७**	**७८६,१०६,७९६**	**१,१५४,६०२,५६१**	**१,५१४,३७१,४००**
पूँजी र दायित्व				
पूँजी				
शेयर पूँजी	१०,०००,०००	८७,५००,०००	२३३,७००,०००	५५०,०००,०००
अग्रिम शेयर पूँजी वापतको रकम	१५३,०००,०००	१०७,०००,०००	२०७,५००,०००	-
अन्य पूँजी	(४,९३४,२४२)	(१३,६८५,५६८)	(३०,७०४,९३८)	(७९,४९७,०००)
जम्मा पूँजी	**१५८,०६५,७५८**	**१८०,८१४,४३२**	**४१०,४९५,०६२**	**४७०,५०३,०००**
दायित्व				
गैर चालु दायित्व				
वित्तीय दायित्व				
उद्यारो प्राप्य	३१४,४७६,१७३	५१६,१०५,६७३	६७५,८४८,८१९	९११,६५०,०००
लिज दायित्व	-	-	२७७,४५१	८५,२९०
जम्मा गैर चालु दायित्व	३१४,४७६,१७३	५१६,१०५,६७३	६७६,१२६,२७०	९११,७३५,२९०
चालु दायित्व				
वित्तीय दायित्व	-	-	-	
व्यापार भुक्तानी	६,६४८,६१५	४७,५९७,०८५	१८,१२४,४००	६४,३५३,५००
अन्य वित्तीय दायित्व	४५,३१७,४३१	४१,३१०,३१६	४७,५७८,०८०	५९,७८६,५००
लिज दायित्व	-	-	१,०५६,४५८	६,५०५,०००
प्रावधान	-	२७९,२९०	१,२२२,२९१	१,४८८,११०
जम्मा चालु दायित्व	**५१,९६६,०४६**	**८९,१८६,६९१**	**६७,९८१,२२९**	**१३२,१३३,११०**
जम्मा दायित्व	**३६६,४४२,२१९**	**६०५,२९२,३६४**	**७४४,१०७,४९९**	**१,०४३,८६८,४००**
जम्मा पूँजी तथा दायित्व	**५२४,५०७,९७७**	**७८६,१०६,७९६**	**१,१५४,६०२,५६१**	**१,५१४,३७१,४००**
पूँजीकरण गरिएको ब्याज सम्बन्धी विवरण :				
पूँजीकरण गरिएको ब्याज	२४,४२०,९१७	२५,४१५,४६४	३६,८९९,५८७	७९,६८८,८०७

नाफा-नोक्सान हिसाब र अन्य बृहत आम्दानी

(रकम रु.मा)

विवरण	वास्तविक			*आ.व.२०८० आषाढ मसान्त
	आ.व. २०७६/७७	आ.व. २०७७/७८	आ.व. २०७८/७९	
आम्दानी				
संचालन आम्दानी	-	११५,,५००	६६४	२१,४२६,३००
अन्य आम्दानी	१४५,११३	४७,०२१	२४७,९८५	२७३,०००
जम्मा आम्दानी	**१४५,११३**	**१६२,५२१**	**२४८,६४९**	**२१,६९९,३००**
प्रत्यक्ष खर्च				
वस्तु खरिद	-	-	-	१८,४२०,४५१
जनशक्ति	-	-	-	१,८७५,०००
विद्युत	-	-	-	३६८,०००
- फिक्स्ड स्थिर	-	-	-	८२५,०००
- परिवर्तनशील	-	-	-	२१८,०००
अनाज र परियोजना सम्पत्तिको बीमा लागत	-	-	-	८७५,०००
जम्मा प्रत्यक्ष खर्च	-	-	-	**२२,५८१,४५१**
खुद नाफा	-	-	-	**(८८२,१५१)**
अप्रत्यक्ष खर्च	-	-	-	-
कर्मचारी खर्च	१,२७१,९३०	५,९७०,४१३	१४,२२०,६३२	१०,३१७,५००
वित्तीय खर्च	-	-	६८,३३६	८१५,५००
ह्रासकट्टी/परिशोधन खर्च	-	२०२,०३८	२,४७४,०३८	२०,९६३,५००
अन्य खर्च	५,३७५,७०४	५,९०९,७८६	४,७०९,२६१	६,४७३,५००
जम्मा खर्च	**६,६४७,६३४**	**१२,०८२,२३७**	**२१,४७२,२६७**	**३८,५७०,०००**
कमः पूँजीकरण पछिको ब्याज खर्च	-	-	-	२०,४९१,०००
नाफा/(नोक्सान) बोनश	-	-	-	(५९,९४३,१५१)
कर्मचारी बोनश	-	-	-	-
कर अधिको नाफा/(नोक्सान)	(६,५०२,५२१)	(११,०१९,७१६)	(२१,२२३,६१८)	(५९,९४३,१५१)
चालु कर	-	-	-	-
स्थगन कर आय/(व्यय)	१,६४४,७४७	३,१६८,३९०	४,२०४,२४८	११,१५१,०००
खुद कर पछिको नाफा/(नोक्सान)	(४,८५७,७७४)	(८,७५१,३२६)	(१७,०१९,३७०)	(४८,७९२,१५१)
समष्टिकृत अन्य बृहत आम्दानी	-	-	-	-
नाफा/नोक्सान हिसाब खातामा वर्गिकरण गर्नु नपर्ने शिर्षकहरु :	-	-	-	-
(क) पुर्न मुल्याङ्कनबाट अधिशेषमा परिवर्तन	-	-	-	-
(ख) परिभाषित लाभ योजनाहरूको पुनरावलोकन	-	-	-	-
नाफा/नोक्सान हिसाब खातामा वर्गिकरण गर्न सकिने शिर्षकहरु :	-	-	-	-
(ग) नगद प्रवाह हेजमा हेजिङ्ग उपकरणको निर्दिष्ट नाफा/(नोक्सान) प्रभावकारी भाग	-	-	-	-
कुल समष्टिकृत अन्य बृहत आम्दानी	-	-	-	-
यस आ.व.को कुल अन्य बृहत आम्दानी (Total Comprehensive Income for the period)	(४,८५७,७७४)	(८,७५१,३२६)	(१७,०१९,३७०)	(४८,७९२,१५१)
EPS	-	-	-	(८.८७)

**आ.व. २०८० को आषाढ मसान्तसम्मको व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण।*

कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

वासलात

(रकम रु.मा)

विवरण	प्रक्षेपित		
	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३
गैर चालु सम्पत्ति			
सम्पत्ति प्लान्ट र उपकरण (खुद)	१,४४९,६१४	१,३९३,३६१	१,३३४,२२९
पूँजीगत कार्य प्रगती	-	-	-
अमूर्त सम्पत्ति	११,६८०	८,०९२	४,५०५
सम्पत्ति को उपयोग अधिकार	३,९९१	३,२३०	२,४७०
स्थगन कर सम्पत्ति	(२१,७९१)	(३६,०३२)	(४५,३१९)
खुद स्थिर सम्पत्ति	**१,४४३,४९३**	**१,३६८,६५२**	**१,२९५,८८५**
चालु सम्पत्ति			
आसामी	-	-	-
व्यापार प्राप्ती	१३,१५४	१४,४७०	१५,९१७
चालु कर सम्पत्ति	६४	७०	७७
अन्य चालु सम्पत्ति	८१,८९८	६६,८१९	५६,७०१
नगत तथा बैंक मौज्दात	८१,३४६	१७६,४८२	१८५,२१९
जम्मा चालु सम्पत्ति	**१७६,४६२**	**२५७,८१४**	**२५७,९१४**
जम्मा सम्पत्ति	**१,६१९,९५५**	**१,६२६,४९२**	**१,५५३,७९९**
पूँजी तथा दायित्व			
शेयर पूँजी	६८७,५००	६८७,५००	६८७,५००
अग्रिम शेयर पूँजी वापतको रकम	-	-	-
संचित नाफा नोक्सान	(४१,५४०)	६९,२३५	८५,३२६
उप-कुल	**६४५,९६०**	**७५६,७३५**	**७७२,८२६**
सापटीहरु			
दिर्घकालिन ऋण-१	८६४,६५०	७७०,६५०	६७६,६५०
अन्य वित्तीय दायित्व	१२६.९१	१४२.८४	१७७.७८
उप-कुल	**८६४,७७७**	**७७०,७९३**	**६७६,८२८**
व्यापार भुक्तानी	८२,२६५	७३,९९२	८१,३९१
अन्य वित्तीय दायित्व	१९,३१३	१७,६८२	१५,९८१
पट्टा दायित्व	६,०१९	५,४७२	४,७९२
व्यवस्थाहरु	१,६२२	१,८१९	१,९८१
घटाउः चालु दायित्वहरु तथा व्यवस्था	**१०९,२१८**	**९८,९६४**	**१०४,१४४**
जम्मा इक्विटी तथा दायित्व	**१,६१९,९५५**	**१,६२६,४९२**	**१,५५३,७९९**
पूँजीकरण गरिएको ब्याँज सम्बन्धी विवरण :			
पूँजीकरण गरिएको ब्याँज रकम	**१०,५८५,६६७**	-	-

नाफा-नोक्सान हिसाब

(रकम रु.मा)

विवरण	प्रक्षेपित		
	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३
आम्दानी			
जम्मा आम्दानी (क)	४१४,९१८	४७५,६१९	४७६,९३६
प्रत्यक्ष ओभरहेड			
बिक्रीको लागत	-	-	-
जनशक्ति	३५,७४८	३५,७४८	३५,७४८
विद्युत			
- फिक्स्ड	३,३१२	३,३१२	३,३१२
- परिवर्तनशील	२७,३२९	२७,३२९	२७,३२९
भण्डारण र चलिरहेको मर्मत सम्भार लागत	३२,३७८	३५,६७७	३५,९०९
अनाज र परियोजना सम्पत्तिको बीमा लागत	८,३१०	७,८८१	७४३९
जम्मा प्रत्यक्ष ओभरहेड (ख)	**१०७,०७७**	**१०९,९४८**	**१०९,७३७**
ग्रस मार्जिन (क - ख)	**३०७,८४१**	**३६५,६७२**	**३६७,१९९**
कमः कर्पोरेट कार्यालय जनशक्ति लागत	१६,०६६	१७,२३७	१८,२०३
कमः कार्यालय र प्रशासनिक लागत	१९,२००	२०,१६०	२१,१६८
कमः बिमा लागत	४४	४९	५४
कमः मार्केटिंग र पदोन्नति लागत	५,०००	५,०००	५,०००
कमः गेस्ट हाउस खर्च	२,१९८	२,३३५	२,४८२
कमः साधारण सभा, बीओडी र समितिको खर्च	१,९६७	२,१४२	२,३३०
कमः आईपिओ निष्कासन लागत	६,५००	-	-
कमः परामर्श खर्च	७७३	७१४	६४६
डेप र ब्याज भन्दा पहिलेको लाभ	**२५६,०९२**	**३१८,०३४**	**३१७,३१५**
कमः ह्रास तथा अमोर्टाइजेशन खर्च	८५,७६०	८८,६४०	९१,५२०
ह्रासकट्टी	८२,१७३	८५,०५३	८७,९३३
अमोर्टाइजेशन	३,५८८	३,५८८	३,५८८
ब्याज भन्दा पहिलेको लाभ	**१७०,३३२**	**२२९,३९४**	**२२५,७९५**
सावधिक कर्जाको ब्याज	७४,५२२	६६,३५२	५८,८३२
कमः ब्याज पूँजीकरण Interest capitalisation (IDC)	१०,५८६	-	-
खुद ब्याज खर्च	६३,९३६	६६,३५२	-
अन्य खर्च	४,५९९	१०,५९२	११,५१२
कर्मचारी बोनस भन्दा पहिले लाभ	**११०,९९५**	**१७३,६३४**	**१७८,४७५**
कमः कर्मचारी बोनस	११,०९९	१७,३६३	१७,८४८
कर अधिको लाभ	**९९,८९५**	**१५६,२७१**	**१६०,६२८**
कमः आयकर	१९,९७९	३१,२५४	३२,१२६
कमः स्थगन कर	(४१,९६०)	(१४,२४१)	(९,२८६)
कर पछिको खुद नाफा	३७,९५६	११०,७७५	११९,२१६
अघिल्लो वर्षको नाफा/(नोक्सानी)	(७९,४९७)	(४१,५४०)	६९,२३५
संचयी लाभ	(४१,५४०)	६९,२३५	१८८,४५१
लाभांश	-	-	१०३,१२५
वासलातमम सारिएको संचयी लाभ	(४१,५४०)	६९,२३५	८५,३२६
नगद लाभ	१२३,७१६	१९९,४१५	२१०,७३६
प्रति शेयर आम्दानी (EPS)	५.५२	१६.११	१७.३४

वित्तीय प्रक्षेपणका आधार तथा तरिका :

विवरण	अपरिष्कृत		प्रक्षेपित (%)	
	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३
कूल आयमा औषत वृद्धिदर (प्रतिशतमा)	१०० %	९५%	१५%	०.२८%
कूल खर्चमा औषत वृद्धिदर (प्रतिशतमा)	७४%	७९%	९%	६%
संचालन खर्च तथा कूल आम्दानी अनुपात	(५) %	७४%	७७%	७७%
खुद मुनाफामा औषत वृद्धिदर (प्रतिशतमा)	-	-	१९२%	८%
आयकर व्यवस्था (प्रतिशतमा)	-	-	५६%	३%
प्रतिशेयर आम्दानी	(८.८७)	५.५२	१६.११	१७.३४
Return on Assets	(१०.३७)	५.८८%	१४.६४%	१५.४३%

प्रक्षेपित गरिएको वित्तीय विवरणहरुको गणनाको आधारहरु देहाय बमोजिम रहेको छ :

(क) आम्दानीहरुः

१. **साइलो भण्डारण :** साइलोमा भाडा वापत रु.५०० प्रति मेट्रिक टन प्रति महिना लिइने छ। बि.सं. २०८० को वैशाख महिनाबाट सुनसरीको ३ वटा साइलोमा बुकिङ्ग खुल्ला गरिएको छ। साथै आ.व. २०८०/८१ को भाद्र मसान्तबाट पर्साबाट २५००० मे.टन भण्डारण गरिने छ। त्यस्तै कार्तिक महिनाबाट कपिलवस्तुको परियोजना निर्माण सम्पन्न भई आम्दानी गरिने योजना छ। सुरुवाती १ वर्ष भण्डारण गर्ने क्षमता ७० प्रतिशत मानिएकोमा त्यसपश्चात् ८५ प्रतिशत हुनेछ।

२. **लिलाम व्यवस्थापन :** कम्पनीले व्यवस्थित लिलाम गृहबाट अनाज, फलफुल, तरकारी लगायतको लिलाम व्यवस्थापन गर्नेछ। आ.व.२०७९/८० को मङ्सिर महिनाबाट लिलाम व्यवस्थापन कार्य सुरुवात गरिएको छ। यसको लागि कम्पनीले लिलामी भएको सामाग्रीबाट १.२५ प्रतिशत लिलाम व्यवस्थापन शुल्क लिने छ। २८० कार्य दिन प्रति शेड ५ टन क्षमताका ३० वटा ट्र्याक्टरबाट सेवा दिन सके अनुमान गरिएको छ।

३. **वेयरहाउस रिसिप्ट फाइनान्सिङ्ग :** कम्पनीले हातामा जम्मा गरिएको खाद्यान्नको आधार जारी गरेको वेयरहाउस रिसिप्टको आधारमा लगानी हुने कूल मूल्यको १ प्रतिशत सेवा शुल्क लिने योजना छ। साइलो भण्डारण क्षमताको ७० प्रतिशतमा वेयरहाउस रिसिप्ट फाइनान्सिङ्ग सगँ सम्बन्धित सेवा सुविधा दिन सक्ने अनुमान गरिएको छ।

४. बल्कर ट्रकबाट कम्पनीले ढुवानी सेवा दिने योजना गरेकोमा सोको भाडादरमा सुरक्षा र गुणस्तरको वापतको प्रिमियम थप हुनेछ। प्रति शाखा ३ वटा २२ टनको ट्रकले रु ५०० प्रति मे.टन प्रति महिना २० दिन सेवा दिन सक्ने अनुमान गरिएको छ।

(ख) खर्च तथा लागतहरुः

१. ***कर्मचारी लागत तथा ज्याला:*** कम्पनीको शाखाहरुमा ४ जना प्राविधिक, २ जना कार्यालय सञ्चालन र १ मार्केटिङ दरबन्दि रहेकोमा सिजनमा ज्याला कामदारहरुबाट स्याम्पलिङ, लोडङ, अनलोडिङ कार्य गराइने छ। अस्थायी कामदार लागत कुल कर्मचारी लागतको २० प्रतिशत लिइएको छ। कुल लागतको वार्षिक बृद्धिदर १० प्रतिशत मानिएको छ।

२. ***विद्युत खर्चः*** कम्पनीको शाखाहरुमा ४०० KVA विद्युत उर्जाको फिक्स डिमाण्ड चार्ज वापत रु.२३० प्रति KVA का दरले प्रति शाखा र मासिक महसुल वापत ४,१०५ युनिटमा रु.१० प्रति युनिटका दरले प्रति महिना लागत अनुमान गरिएको छ।

३. ***स्टोर सञ्चालन र व्यवस्थापन खर्च :*** साइलोमा हुने मर्मत सम्भार तथा फुयूमिगेसन खर्चको लागि प्रति मे.टन रु.१५ प्रति महिनाका दरले लागत अनुमान गरिएको छ। लिलाम व्यवस्थापनमा कुल आम्दानीको ५ प्रतिशत खर्च लाग्ने अनुमान गरिएको छ। वेयरहाउस रिसिप्टको प्लेजमा कुल आम्दानीको ५ प्रतिशत खर्च लाग्ने अनुमान गरिएको छ। बल्कर ट्रक सञ्चालन गर्न कुल आम्दानीको ५ प्रतिशत खर्च लाग्ने अनुमान गरिएको छ। यसले ड्राइभर, सहचालक, इन्धन, मर्मत, सडक दस्तुर लगायतका खर्च धान्ने अनुमान गरिएको छ। अन्य उपकरणको मर्मत उक्त सम्पत्तिको ०.२५ प्रतिशत अनुमान गरिएको छ।

४. ***ब्याज खर्चः*** परियोजना निमार्णमा लिएको अवधि वापतको ब्याज रकमा रु.१९२,७३७,१०७/- लाई परियोजना लागतमा निर्माण अवधिभरको ब्याज पूँजीकारण गरिएको छ।

(ग) **बिमा खर्च :** साइलोमा भण्डारण गरिएको सम्पूर्ण अन्नको बिमाको प्रिमियम लागत ०.३० प्रतिशत अनुमान गरिएको छ। परियोजनको स्थिर सम्पत्तिको विमाको प्रिमियम लागत ०.४५ प्रतिशत अनुमान गरिएको छ।

(घ) **व्यवस्थापनको तलब भत्ता :** यस शिर्षकमा प्रमुख कार्यकारी अधिकृत, प्रमुख वित्तीय अधिकृत, प्रमुख व्यवसाय अधिकृत, मार्केटिङ्ग अफिसरहरु, परियोजना सञ्चालन गर्ने कर्मचारीहरुको तलब र भत्ताको अनुमान गरिएको छ। सुरुवाती वर्षहरुमा १० प्रतिशत र तिन (२०८२/८३) वर्ष पश्चात् ७.५ प्रतिशतका दरले तलब भत्ताको वार्षिक बृद्धिविकास हुने अनुमान गरिएको छ। प्रमुख कार्यकारी अधिकृतको मासिक तलब रु. तिन लाख अनुमान गरिएको छ र दोस्रो कार्यकालमा १० प्रतिशत बृद्धि हुने अनुमान गरिएको छ।

(ङ) **मार्केटिङ्ग खर्च :** कम्पनीले आ.व.२०७९/८० मा मार्केटिङ्ग कार्यका लागी एकमुष्ठ रु.१० लाख र त्यस पश्चात रु.५० लाख प्रति वर्ष अनुमान गरिएको छ।

(च) **गेस्ट हाउस सञ्चालन खर्च :** प्रत्येक इकाईमा एउटा गेस्ट हाउसको परिकल्पना गरिएको छ। सो सञ्चालन गर्न रु.५० हजार भाडा र सञ्चालन खर्च र रु.१५ हजार सहयोगी खर्च अनुमान गरिएको छ। उक्त भाडामा वार्षिक रुपमा ५ प्रतिशत र सहयोगी खर्चमा १० प्रतिशत वृद्दि हुने अनुमान गरिएको छ।

(छ) **बैठक सञ्चालन भत्ता :** एक अर्थिक वर्षमा १० वटा सञ्चालक बैठक लगायतको लागी रु.२,००० देखि वृद्धि हुदै रु.५,००० हजारसम्म बैठक भत्ता र रु.५ लाख बैठक सञ्चालन खर्चमा १० प्रतिशत वृद्धि हुदै जाने अनुमान गरिएको छ। साथै प्रति बैठक रु.२५०० कमिटि भत्ता र साधारण सभा सञ्चालन गर्न रु.५ लाखमा वार्षिक रुपमा १० प्रतिशत वृद्धि हुदै जाने अनुमान गरिएको छ।

(ज) **ब्याज खर्च :** यस शिर्षक अन्तर्गत आ.व.२०८०/८१ कात्तिक मसान्तसम्म तिनवटै परियोजना सम्पन्न भई सञ्चालनमा आउने अनुमान गरिएको छ। सोको लागि बैंकबाट लगानी हुने रकम रु.९४ करोडको लागि बैंकसँग सहमत भए बमोजिम बुलेट रिपेमेन्ट सुरुवात भइसकेकोछ। सो रकम ९ वर्षमा अर्धवार्षिक किस्तामा चुक्ता गर्ने लक्ष लिइएको छ। सरदरमा वार्षिक ८ प्रतिशत ब्याज अनुमान गरिएकोमा नेपाल सरकारबाट शीतघर तथा खाद्यान्न भण्डारण घर स्थापना कार्यक्रमका लागि ब्याज अनुदान मापदण्ड, २०७३ बमोजिम रु.२० करोड बराबर लगानी रकममा ५ वर्षसम्म सम्भौता बमोजिम ब्याज फिर्ता पाइएको छ। साथै चुक्ता गर्न बाँकी ऋण रकमको ०.२० प्रतिशत ऋण व्यवस्थापन शुल्कलाई पनी खर्चको रुपमा देखाइएको छ। साथै परियोजना निमार्णमा लिएको अवधि वापतको ब्याज रकम रु.१९२,७३७,१०७/- लाई परियोजना लागतमा निर्माण अवधिभरको ब्याज पूँजीकरण गरिएको छ र सो पूँजीकरण गरिएको ब्याज रकम तपशिल बमोजिम रहेको छ।

विवरण	आ.व. २०७६/७७	आ.व. २०७७/७८	आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३
पूँजीकरण गरिएको ब्याज	२४,४२०,९१७	२५,४१५,४६४	३६,८९९,५८७	७९,६८८,८०७	१०,५८५,६६७	-	-

(झ) **शेयर पूँजी :** आ.व.२०७९/८० को २०७९/०८/२३ मा कम्पनीले प्रमोटर शेयरधनीबाट रु.५५ करोड शेयर जुटाई कम्पनी रजिष्ट्रारको कार्यलयबाट स्विकृत भईसकेको छ। साथै यही आ.व.२०८०/८१ भाद्र अन्त्य सम्ममा सर्वसाधारणलाई जारी गर्नुपर्ने थप रु.१३.७५ करोड समेत जारी गरी वितरण गर्ने लक्ष्य लिइएको छ।

(ञ) **ऋण रकम :** तिनवटै इकाईमा परियोजना विकास लागत कुल लगानी रकम रु.१,६२७,५००,०००/- मध्ये रु.६८.७५ करोड शेयर पूँजी र रु.९४ करोड ऋणबाट जुटाइएको छ। चालु आ.व.को अन्त्यसम्ममा उक्त ऋण परिचालन गरिसकिने छ। उक्त ऋण रकम ९ वर्ष भित्रमा चुक्ता गरिसकिने छ। साथै परियोजनाले बैंकसगँ भएको सम्झौता बमोजिम नियमित ब्याज र मिति २०७८/०९/३० बाट किस्ता रकम समेत भुक्तानी गरिरहेको छ। साथै आ.व.२०८५/८६ बाट चालु कर्जा लिईने योजना छ।

(ट) **स्थिर सम्पत्ति :** कम्पनीले लगानी गरेको तिन वटा परियोजनामा निम्न बमोजिम लगानी रहने छ।

क्र.स	परियोजना	रकम (रु)	सम्पन्न मिति
१	मुख्य शाखा, सुनसरी	४८९,७८२,६६८	२०७९/०९/३०
२	शाखा १, कपिलबस्तु	५८५,४६३,२४०	२०८०/०७/१५
३	शाखा २, पर्सा	५४३,७५४,०९१	२०८०/०५/१५
४	कर्पोरेट कार्यालय ८	८,५००,०००	निर्माण सम्पन्न
	जम्मा रकम (रु)	**१,६२७,५००,०००**	

* कर्पोरेट कार्यालयमा हुने लगानी मध्यबाट ERP सफ्टवेयर र कार्यालय प्रयोजनको लागी सवारी साधन खरिद गरिनेछ।

कम्पनीले बल्क ढुवानीका लागी ९ वटा बल्कर ट्रकको खरिद तथा निर्माण योजना रहेकोमा ३ वटा आ.व.२०७९/८० को आषाढ मसान्तसम्ममा सम्पन्न हुने, ३ वटा आ.व.२०८०/८१ सम्ममा सम्पन्न हुन र ३ वटा २०८१/८२ सम्ममा क्रमैसँग सम्पन्न भई सञ्चालनमा ल्याइने योजना रहेको छ।

नेटवर्थ

विवरण	वास्तविक			*आ.व. ०७९/०८० आषाढ मसान्तसम्म	प्रक्षेपित		
	आ.व. ०७६/७७	आ.व. ०७७/७८	आ.व. ०७८/७९		आ.व. ०८०/८१	आ.व. ०८१/८२	आ.व. ०८२/८३
शेयर पूँजी	१६३,०००	१९४,५००	४४१,२००	५५०,०००	६८७,५००	६८७,५००	६८७,५००
क) साधारण चुक्ता पूँजी	१०,०००	८७,५००	२३३,७००	५५०,०००	६८७,५००	६८७,५००	६८७,५००
ख) अग्रिम चुक्ता पूँजी	१५३,०००	१०७,०००	२०७,५००	-	-	-	-
जगेडा कोष तथा संचित नाफा	(४,९३४)	(१३,६८६)	(३०,७०५)	(७९,४९७)	(४१,५४०)	६९,२३५	८५,३२६
जम्मा	**१५८,०६६**	**१८०,८१४**	**४०१,४९५**	**४७०,५०३**	**६४५,९६०**	**७५६,७३५**	**७७२,८२६**
कुल नेटवर्थ	**१५८,०६६**	**१८०,८१४**	**४०१,४९५**	**४७०,५०३**	**६४५,९६०**	**७५६,७३५**	**७७२,८२६**
शेयर संख्या ('००० मा)	१००	८७५	२,३३७	५,५००	६,८७५	६,८७५	६,८७५
प्रति शेयर नेटवर्थ (रु.)	५०.६६	८४.३६	८६.८६	८५.५५	९३.९६	११०.०७	११२.४१
प्रति शेयर आम्दानी (EPS)	(४८.५८)	(१०.००)	(७.२८)	(८.८७)	५.५२	१६.११	१७.३४
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा प्रतिफल (%)	(३.०७)	(४.८४)	(४.१५)	(१०.३७)	५.८८	१४.६४	१५.४३

विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल : (३८.७१)

द्रष्टव्य : कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोवारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो। उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि पि. अधिकारी एण्ड एसोसिएट्स चार्टड एकाउण्टेण्ट द्वारा प्रमाणित गरिएको छ।

१४. सकारात्मक पक्षहरु :

१. यस उद्योगको संचालन बाट स्थानीय किसानहरुले उत्पादन गरेको खाद्यान्न वस्तुहरुलाई लामो समय सम्म भण्डारण गरेर राख्ने व्यवस्था हुनेहुदाँ खाद्यान्न खेर नजाने, उत्पादनको उचित मुल्य पाउने, अन्नहरु अफ सिजनमा पनि उपलब्ध हुनेछ।
२. स्थानीयवासीलाई रोजगारीको अवसर प्रदान गर्नेछ जसले नयाँ सिप र प्रविधिहरु सिक्ने अवसर मिल्नेछ।
३. स्थानीय दक्ष जनशक्तिमा बृद्धि हुनेछ।
४. उत्पादनबाट नगद प्रवाह तथा राजस्वमा वृद्धि हुनेछ।
५. उद्योग सञ्चालन गर्नका लागि आवश्यक कच्चा पदार्थ थोक मात्रामा स्वदेशमै उपलब्ध हुनेछ।
६. किसानले कृषि उपजको धितोमा सर्वसुलभ ब्याजदरमा ऋण प्राप्त हुनेछ।
७. संकटहरुको अवस्थामा स्वदेशमै हुने खाद्य भण्डारणले खाद्य सुरक्षा प्रदान गर्न मद्दत पुग्नेछ।
८. किसानहरुले अनलाइन तथा फिजिकल माध्यमबाट अन्नको लिलाम बढाबढमा सहभागी हुन सक्नेछन्।
९. किसानलाई Minimum Support price को ग्यारेन्टी हुनेछ।

१५. अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

(क) **वित्तीय श्रोतको अभावबाट हुने जोखीम :**
- बैंकिङ्ग तरलता अभावका कारण समयमै ऋण प्रवाह नहुन सक्ने जोखिम।
- सञ्चालन एवं परियोजना निर्माणको खर्च भुक्तानीमा असर पर्न सक्ने।
- नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखीम :** विश्वपरिवेषमा विभिन्न समयमा हुने उतारचढावले गर्दा अन्नको मुल्यमा आकष्मिक वृद्धि भएमा अन्न भण्डारण गर्न ग्राहकहरु कम इच्छुक हुने सम्भावना रहेको।

(ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखीम :**
- नेपालमा अन्न उत्पादनको सिमितताका कारण अन्न भण्डारण गर्न विदेशबाट आयात हुने अन्नमा निर्भर रहनु पर्ने वाध्यता।
- जग्गामा भएको व्यापक खण्डिकरणले एकै स्थानमा एकै खालको वस्तुको उपलब्धता नभएकोले अन्न संकलन गर्दा लागत वृद्धि हुने।
- एक ठाउँ एक उत्पादन नभएको (जस्तै धान उत्पादन गर्ने किसानहरुले फरक फरक प्रजातिको धान उत्पादन गर्ने)।
- भण्डारण गर्न ल्याउने अन्नको गुणस्तर कम्पनीको स्थापित मापदण्ड अनुसार नहुने जोखिम रहेको।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम :**
- सुनसरीमा रहेको परियाजना निर्माण सम्पन्न भइसकेको र यस बाहेकको परियोजना निर्माणमा ढिलाईका कारण हुन सक्ने लागत वृद्धि।
- नेपाली रुपैयामा हुने अवमूल्यनका कारण डलरमा हुने बृद्धि।
- बैंक ब्याजदरमा हुने वृद्धि आदिले गर्दा हुन सक्ने पुँजीको अभाव।

(ङ) **विदेशी विनिमयको जोखिम :** विदेशी विनिमय दरको जोखिम नरहेको।
(च) **कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :** नभएको।
(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखीम :** न्यून रहेको।
(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखीम :** नेपाल सरकार तथा अन्य नियमन निकायहरुले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु।
(झ) **संचालन इतिहासको अभाव :** नेपालमा यस्तो व्यवसायको अनुभव नभएको हुनाले दक्ष जनशक्तिको अभाव हुन सक्ने।
(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखीम :** सो नभएको।
(ट) **अन्य :** विपद तथा काबु बाहिरको परिस्थिति बाट उत्पन्न हुन सक्ने जोखिमहरु।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ।
कम्पनीका भौतिक संरचनाहरु तथा मेशिनरी पाटपूर्जाहरु लगायत अन्य सम्पत्तिहरुको सम्भावित जोखिमलाई न्यूनिकरणका लागि बीमा सम्बन्धी व्यवस्था गरेको छ। जोखिम न्यूनिकरणका लागि कम्पनीले गरेका बिमाहरु सम्बन्धि विवरण तपसिल बमोजिम रहेको छ।

क्र.सं.	बीमाको प्रकार	बीमा कम्पनीको नाम	बिमाङ्क रकम(रु.)	बीमा अवधि	बीमा शुल्क (रु.)
१	निजी सवारी साधन बीमालेख	नेपाल इन्स्योरेन्स कम्पनी लि.	३,६४५,०००	२०२३/११/२०	२०,१२८.९६
२	निजी सवारी साधन बीमालेख	दि ओरियण्टल इन्स्योरेन्स कम्पनी लि.	३,०२०,७६७	२०२४/०३/११	३१,५२७.६१
३	सम्पत्ति बीमालेख	नेपाल इन्स्योरेन्स कम्पनी लि.	३,८०२,५७५	२०२३/१२/१३	५,१३३.४७
४	इलेक्ट्रोनिक उपकरण बीमालेख	नेपाल इन्स्योरेन्स कम्पनी लि.	५०,३९,०००	२०२४/०८/१९	४५,३५१
५	मेसिनरी विघटन बीमालेख	नेपाल इन्स्योरेन्स कम्पनी लि.	१५७,६०६,३१७	२०२४/०८/१९	१,४१८,४५६.८५
६	सामान्य सम्पत्ति बीमालेख	नेपाल इन्स्योरेन्स कम्पनी लि.	२७२,६४५,३१७	२०२४/०८/१९	५०४,४१३.८४
७	निजी सवारी साधन बीमालेख	हिमालियन एभरेष्ट इन्स्योरेन्स कम्पनी लि.	३,८३७,५००	२०२४/१२/०३	३३,१७६.५६

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम : प्रति शेयर अंकित मूल्य रु.१००/- का दरले निष्काशन गरिएको शेयर मुल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

१६. धितोपत्र बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :** स्वीकृत विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ।
(१) शेयर बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई दश कित्ताको दरले बाँडफाँड गरिनेछ (२) बुँदा (१) बमोजिम बाँडफाँड गरे पश्चात् बाँकी रहेको निष्काशित शेयर बिस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरुलाई पुनः दश कित्ताको दरले बाँडफाँड गरिने छ (३) बुँदा (२) बमोजिम शेयर बाँटफाँडको प्रकृया सम्पन्न भएपश्चात् धितोपत्र बाँकी भएमा सोहि प्रकृया अपनाई बाँडफाँड गरिनेछ (४) उपरोक्त अनुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरी गोला प्रथाबाट आवेदक छनौट गरिने छ (५) शेयर बाँडफाँड सफ्टवेयर तथा बाँडफाँड तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ (६) शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोलीपल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइनेछ (७) कम्पनीका कर्मचारीहरुलाई शेयर बाँडफाँड गर्दा कम्पनीको सञ्चालक समितिको निर्णय बमोजिम गरिनेछ (८) वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरु तथा कर्मचारीलाई छुट्याइएको शेयर न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकि रहेको शेयर सर्वसाधारण समुहमा थप गरी बाँडफाँड गरिनेछ। साथै, सर्वसाधारण समुहबाट समेत न्यून माग भएमा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकी रहेको शेयर कम्पनी र प्रत्याभुतीकर्ता बीच भएको प्रत्याभूती सम्बन्धी सम्झौता बमोजिम प्रत्याभूतिकर्ताले खरिद गर्नेछ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :** सर्वसाधारणलाई जारी गरिने शेयर वापतको आवेदन लिने कार्य धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्वा) मा भएको व्यवस्था बमोजिम सहभागि बैंकबाट हुनेछ। उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँड गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँड भएको शेयर वापतको रकम मात्र माग गरी बाँकी रकम सोही खातामा कानुन बमोजिम सहभागि बैंकबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईने छ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :** "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" ले निर्धारित गरेको समय भित्र शेयरको बाँडफाँड पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मिति देखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा सर्वसाधारणलाई जारी गरिने शेयरको हकमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएको, जसअनुसार आवेदकको बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको छ।

(घ) **धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रक्रिया र समयावधी :** निष्काशन गरिने साधारण शेयर प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा व्यवस्था भए अनुसार बाँडफाँड गरी सूचिकरण भए पश्चात् "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही (डिम्याट) खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ।

(ङ) **धितोपत्र सूचिकरण भईसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :** सो नभएको।

(च) **धितोपत्र सूचिकरण भईनसकेको भए, संगठित संस्थाले निष्काशन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीदबिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** निष्काशन गरिएको साधारण शेयर बाँडफाँड पश्चात् धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरी निर्देशिकामा भएको व्यवस्था अनुसार निर्धारित अवधी भित्र दोस्रो बजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेड मा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड मा दर्ता गराई शेयर खरीद/बिक्रीको व्यवस्था मिलाइने छ।

१७. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा हितग्राही परिचय नम्बर, सम्बन्धित व्यवसायीको नाम खुलाउनु पर्ने र बैंक खाता मार्फत कारोवार गरिनु पर्ने जस्ता पक्षहरु :

१ नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी वैदेशिकबसी रोजगार गरिरहेका कुनै पनि नेपाली नागरिकले स्वीकृत विवरणपत्र अनुसार जारी गरिने शेयर खरिद गर्न आवेदन दिन सक्नेछन्।
२ आवेदकले सि-आस्वा (C-ASBA) प्रणालीबाट आफ्नो विप्रेशण (रेमिट्यान्स) बचत खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ।
३ दफा २ बमोजिम आवेदकले आफ्नो विप्रेशण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तिमा ने.रु.५०,०००/- (अक्षरेपी पचास हजार मात्र) आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनुपर्नेछ।
४ आवेदकले आवेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसूचि ४ बमोजिमको सि-आस्वा (C-ASBA) रजिष्ट्रेशन फारम भरी CRN नं. लिनुपर्नेछ।
५ आवेदकको बैंक खातामा भएको विवरण र अनुसूचि ४ मा उल्लेख गरेको विवरण मिल्नु पर्नेछ।
६ आवेदकले CRN नं. प्राप्त गरे पश्चात शेयर खरीदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरीदका लागि आवेदन दिनुपर्नेछ।
७ आवेदकले आवेदन फारममा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनु पर्नेछ।
८ आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछः
(क) धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम (ख) आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना (ग) खरिद गर्न चाहेको धितोपत्रको संख्या-अंक र अक्षरमा (घ) खरीद गर्न चाहेको धितोपत्र वापतको रकम-अंक र अक्षरमा (ङ) आवेदकको विप्रशण (रेमिट्यान्स) खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. (च) आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर।
८ आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन।
९ एक व्यक्तिले आफुले खरीद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।
१० धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ।
११ धितोपत्र बाँडफाँड गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ।
१३ सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन्। त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा विप्रेशण (रेमिट्यान्स) बचत खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ।
१४ शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ।
१५ वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० कित्ता र अधिकतम १० अंकले भाग जाने गरी ५०,००० (पचास हजार) कित्तासम्मका लागि आवेदन दिन सक्नेछन्।

१८. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणात्तमा लिन सक्ने हो सो सम्बन्धी विवरणः

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय, गैरीगाउँ, सिनामंगल, काठमाण्डौं वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक हिमालयन क्यापिटल लिमिटेड, त्रिदेवी मार्ग, ठमेल, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ।
२. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरीदका लागि दरखास्त दिंदा सर्वसाधारणहरुले न्युनतम १० कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ। यदि कुनै दरखास्तवालाले १० कित्ताभन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम ५०,००० कित्ता साधारण शेयर खरीद गर्नका लागि आवेदन दिन सकिने छ।

१९. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण : सर्वसाधारणको लागि शेयरको सार्वजनिक निष्काशन (Initial Public Offering) बाट प्राप्त हुने पूँजीको उपयोग देहाय बमोजिम गरिनेछ :

क्र.सं.	विवरण	रकम (रु.)
१	ठेकदार भुक्तानी तथा अन्य निमार्ण लागत	८३,०८४,५००
२	मेसिनरी जडान लागत	१५,०००,०००
३	मेसिनरी ढुवानी खर्चको बिल भुक्तानी	५,१२०,०००
४	विजुली, ल्याव तथा धर्म काटाको बाँकी काम	४,८००,०००
५	पर्सा र कपिलबस्तुमा किल्नर तथा चिलर छोप्ने ट्रस सेड	३,०००,०००
६	बल्कर ढुवानी ट्रक	१२,०००,०००
७	एयर कम्प्रेसर लगायत	२,१००,०००
८	अन्य जडान तथा टेस्टीन	१२,३९५,५००
	जम्मा रकम	**१३७,५००,०००**

२०. विवरणपत्र, दरखास्त फारम पाइने र दरखास्त साथ रकम बुझाउने स्थानहरु :

विवरणपत्र पाइने स्थानहरुः

१	श्री हिमालयन क्यापिटल लिमिटेड, त्रिदेवी मार्ग, ठमेल, काठमाण्डौं। र वेबसाइट www.himalayancapital.com
२	श्री नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड, काठमाण्डौं महानगरपालिका वडा नं.९, सिनामङ्गल, काठमाण्डौं। र वेबसाइट www.nwcl.com.np
३	नेपाल धितोपत्र बोर्डको वेबसाइटः www.sebon.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ।

दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानः

१	वैदेशिक रोजगारमा रहेका नेपालीहरु तथा अन्य सर्वसाधारणका नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

२१. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ।

सि.नं.	निष्कासन बैंकको नाम, ठेगाना	खाता नं.
१	श्री हिमालयन बैंक लि., ठमेल, काठमाण्डौं।	०१९०७६८३१४०३८३

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरुलाई समेत यस धितोपत्र निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ।

२२. धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्र मार्फत नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपाली नागरिकहरुका लागि निष्काशन गरिने साधारण शेयरको लागि आवेदन दिने अवधि १५ (पन्ध्र) दिनको हुनेछ। उक्त अवधिमा वैदेशिक रोजगारीमा गएका सार्वजनिकका लागि निष्काशन गरेको शेयर पूरा बिक्री नभएमा उक्त बिक्री नभई बाँकी रहन गएमा त्यस्तो शेयर सर्वसाधारण समूहमा थप गरी सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा ४ (चार) कार्य दिनको लागि खुल्ला गरिनेछ। सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानीकर्ताले समेत आवेदन गर्न पाउने गरी दोस्रो चरणको दरखास्त खुल्ला भएको मितिले बढीमा १५(पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ। आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर ४ (चार) कार्य दिनभन्दा अगाडि शेयर खरीदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन।

२३. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ। लगानीकर्ताहरुले देहाएको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्ने छन्।
गुनासो सुन्ने अधिकारी : नामः राम प्रसाद भट्टराई, इमेलः info@himalayancapital.com, फोन नं.: ०१-५३५८३४५

निष्काशन तथा बिक्री प्रबन्धकः

Himalayan Capital
A wholly owned Subsidiary of Himalayan Bank limited

हिमालयन क्यापिटल लिमिटेड
कर्मचारी संचय कोष भवन, ठमेल, काठमाण्डौं, फोनः ०१-५३५८३४५/५३६३१४७
इमेलः info@himalayancapital.com, वेबसाइटः www.himalayancapital.com